# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

यस शोधको शीर्षक सिन्धुली जिल्लामा कक्षा १० को कथा विधा शिक्षणमा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन रहेको छ । भाषाशिक्षणमा सिप शिक्षणलाई प्रभावकारी र रोचक बनाउन साहित्यका विविध विधालाई प्रयोग गरिन्छ । मूलतः भाषा शिक्षण निरस विषय मानिने हुनाले साहित्यका विविध विधालाई लिनु परेको हो । शिक्षणमा कुनै एउटा मात्र सिप शिक्षण नगराई प्रत्येक सिपलाई एकापसमा समन्वित गर्दै लगिने हुनाले साहित्यका विविध विधाको शिक्षणले विविध सिपको विकासमा उल्लेखनीय योगदान दिने हुँदा यसलाई भाषा शिक्षणबाट अलग गर्न सकिँदैन । त्यसमा पनि कथा मानवीय सभ्यताको उषा कालदेखि जनजनको मुखमा जीवन्त बन्दै बाँचिरहेको विधा भएकाले विद्यालय तहमा त यसको शिक्षणमा अझ खास भूमिका रहेको हुन्छ । शिक्षण सैद्धान्तिकलाई भन्दा प्रयोगात्मक तरिकाले लानु युक्तिसङ्गत मानिन्छ । प्रयोगात्मक शिक्षणमा शिक्षण सामग्रीको प्रयोग झनै आवश्यकताको माग हो । शिक्षण सामग्रीको प्रयोगले शिक्षण चीरस्थायी बन्न पुग्दछ । शिक्षण सामग्रीको प्रयोगमा शिक्षक सचेत रहनु पर्दछ । यसर्थ सिद्धान्तमा रहेको सामग्री प्रयोगलाई व्यवहारमा ढाल्दा विद्यालय परिवेश र प्राप्यतालाई ध्यान दिनु आवश्यक छ । सिन्धुली जिल्लामा देखिएको भाषा शिक्षणमा सामग्री प्रयोगको अवस्था र यसप्रति भाषा शिक्षकको दृष्टिकोणलाई समेत अध्ययनको पृष्ठभूमि बनाई यो शोध अध्ययन सम्पन्न हुन पुगेको हो ।

## १.२ समस्याकथन

प्रस्तुत शोधका समस्याहरू निम्नलिखित रहेका छन् :

१. कक्षा दशको नेपाली भाषा शिक्षणका लागि के-कस्ता शैक्षिक सामग्रीहरु निर्धारण गरिएका छन् ?

२. कथा शिक्षणमा प्रयोग गरिने शैक्षिक सामग्री स्थिति के-कस्तो रहेको छ ?

३. कथा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगमा के-कस्ता समस्याहरू रहेका छन् र तिनका समाधानका उपायहरू के-के हुन सक्छन् ? भन्ने प्रश्नहरूलाई समस्याकथनका रुपमा लिइएको छ ।

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधका उद्देश्यहरू निम्न रहेका छन् :

(क) कक्षा दशको नेपाली भाषा शिक्षणका लागि प्रयोग गरिने शैक्षिक सामग्रीहरूको अध्ययन गर्नु,

(ख) कथा शिक्षणमा प्रयोग गरिने शैक्षिक सामग्रीको स्थिति पहिल्याउनु,

(ग) कथा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्या र तिनका समाधानका उपायहरू सुझाउनु ।

## १.४ अध्ययनको औचित्य र महत्व

सामान्य अर्थमा सामग्री भन्नाले औजार, हतियार वा उपकरणहरूलाई बुझिन्छ । औजार भन्नाले कार्य गर्न सहयोग गर्ने साधन हो । तसर्थ शिक्षाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ति गर्न औजारको रुपमा प्रयोग गरिने वस्तुलाई शैक्षिक सामग्री भनिन्छ । शिक्षण सामग्रीको महत्वका सम्बन्धमा  कन्फ्युसियस भन्दछन्- "हजार शब्द बोलेर बुझाउने कुरा एउटै चित्रबाट बुझाउन सकिन्छ" (श्रीप्रसाद खनाल, शैक्षणिक विधि २०६६, पृ : १२१) । एउटा उखान छ - "सुनको कुरा विर्सन्छ, देखेको कुरा सम्झिन्छ र गरेको कुरा बुझिन्छ" । तसर्थ विद्यार्थीले देख्न सक्ने सामग्रीहरूको प्रयोग गरिएमा विद्यार्थीको स्मृतिलाई बढाउन सकिन्छ । आधुनिक समयमा अएर शिक्षण सिकाइ प्रक्रियामा शैक्षिक सामग्रीलाई ज्यादै महत्व दिएको पाइन्छ । विज्ञान र प्रविधिको विकाससँगै धेरै प्रकारका शिक्षण मेसिन तथा साधनहरू विकास गरिएको छ । सामग्री निर्माणमा विज्ञान तथा प्रविधिले सहयोग गरेको छ । तल्लो कक्षामा खेल सामग्रीदेखि लिएर उच्च तहमा मल्टिमिडियासम्मको प्रयोग थालिएको छ । नेपाली भाषा शिक्षणमा पनि भाषिक सीपको विकासका लागि आवश्यक र उपयोगी सामग्रीहरूको प्रयोग अनिवार्य मानिन्छ । शैक्षिक सामग्रीको विकास र आवश्यकताको सन्दर्भमा यसको अपरिहार्यतालाई प्रस्तुत शोधले स्पस्ट पार्ने भएकाले यस अध्ययनको औचित्य र महत्व स्पस्ट हुन्छ ।

## १.५ अध्ययनको सीमाङ्कन

जुनसुकै अनुसन्धानात्मक कार्य एउटा जटिल, कठिन र चुनौतीपूर्ण कार्य हो । भाषा, साहित्य, इतिहास, विज्ञान, प्रविधि जस्ता ज्ञानविज्ञानका अनेकन क्षेत्रहरू शोधका लागि उपयोगी हुन्छन् । तर ती विशाल क्षेत्रको शोधकार्य क्षणिक समयमा सम्भव हुँदैन । उक्त क्षेत्रमा लामो

समय लगाएर अध्ययन गर्न सकिए तापनि त्यसका आन्तरिक पक्षको साङ्गो-पाङ्गो अध्ययन भने हुन सक्दैन । यसैले कुनै खास क्षेत्रका खास पक्षको पूर्ण अध्ययनका लागि त्यसको सीमाङ्कन गर्नु आवश्यक हुन्छ । प्रस्तुत शोधकार्यको निम्नानुसारका सीमा निर्धारण गरिएको छ :

(क) यस अध्ययनमा माध्यमिक तहको कक्षा १० को नेपाली शिक्षणभित्र कथा विधा शिक्षण गर्दा प्रयोग गरिने सामग्रीहरुलाई मात्र अध्ययनको परिधिमा राखिएको छ ।

(ख) यसमा सिन्धुली जिल्लाका १० ओटा सामुदायिक विद्यालयहरू, यिनै विद्यालयमा नेपाली भाषा शिक्षक गर्ने १० जना शिक्षकहरू र १० जना प्रधानाध्यापकहरूका दृष्टिकोणका आधारमा मात्र विश्लेषणत्मक ढङ्गले निष्कर्ष निकालिएको छ ।

(ग) यस अध्ययनलाई सबै क्षेत्रका विद्यालयहरूमा सामान्यीकरण गर्न सकिएको छैन ।

(घ) प्रस्तुत शोधकार्यमा कथा विधा शिक्षण गर्दा आवश्यक पर्ने शैक्षिक सामग्रीको अध्ययनमा केन्द्रित रहेको छ ।

## १.६ शोधपत्रको रुपरेखा

अध्याय एक : शोध परिचय

अध्याय दुई : साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

आध्यय पाँच : निष्कर्ष, सुझाव र उपयोगिता

सन्दर्भग्रन्थसूची

परिशिष्ट

# अध्याय दुई

# साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा

## २.१ पूर्वकार्यको समीक्षा

शोधकार्य गर्नुपूर्व सम्बन्धित विषय क्षेत्रमा भए गरेका अनुसन्धान कार्यको व्यवस्थित अध्ययन गरी ती सबै कार्यको टिप्पणी वा समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (पौडेल, राजेन्द्रप्रसाद र सि.एन.पण्डित,२०६८:२८०) । यसले आफूले कार्य गर्नूभन्दा पूर्वका समान कार्यसँग सम्बन्धित नकारामक पक्षहरुलाई त्याग्दै सकारात्मक पक्षको अनुकरण गर्न अनुसन्धान कर्तालाई प्ररित गर्दछ । फेरि एउटै विषयवस्तुप्रतिको पटक-पटक खोज-अनुसन्धान र विश्लेषणले विषयको गरिमालाई पनि घटाउने भएकाले शोधकर्ताले आफूलाई नयाँ विषयवस्तुको माध्यमबाट प्रस्तुत गराई पृथक पहिचान कायम गर्नु राम्रो हुने भएकाले शोधका सम्वन्धमा पुर्वकार्यको समीक्षा अनिवार्य मानिन्छ । यो शोधपत्र माध्यमिक तहमा नेपाली भाषा शिक्षणअन्तर्गत कथा विधा शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीमा केन्द्रित रहेकाले पूर्वकार्यको समीक्षा पनि यसै विषयको सेरोफेरोमा रहेर गरिएको छ ।

शैक्षिक उद्देश्य प्राप्तिका लागि कक्षा कोठाभित्र शिक्षणका सन्दर्भमा प्रयोग गरिने सामग्रीहरुलाई शैक्षिक सामग्री भनिन्छ । नेपाली भाषा शिक्षकले कक्षा कोठामा सम्बन्धित पाठको व्याख्या, विवेचना र वर्णन मात्र गरेर पुग्दैन । यसबाट विद्यार्थीहरूलाई दिन खोजेको विषयवस्तु स्पस्ट पार्न पनि सकिँदैन । सहज र सरल रूपमा विद्यार्थीहरुलाई ज्ञान, सिप र धारणाको विकास गराउन शिक्षणको क्रममा शैक्षिक सामग्रीको प्रयोग आवश्यक हुन्छ । शैक्षिक सामग्रीको प्रयोगले शिक्षण कार्यलाई रोचक, जीवन्त र सार्थक पनि तुल्याउँछ । नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । यो भाषा नेपाली कला, संस्कृति, इतिहास र साहित्य जस्ता विषयहरूको प्रचारको माध्यम पनि हो । भाषिक क्षेत्रमा यसको प्रभाव र महत्व जुन रुपमा बढेको छ, त्यसैअनुरूप शैक्षणिक क्षेत्रमा पनि परिवर्तन हुनु जरुरी देखिन्छ । नेपाली भाषा शिक्षणमा कथा विधा शिक्षणमा शैक्षिक सामग्रीको उपयोग कस्तो छ ? शैक्षिक सामग्रीको प्रयोग बाट भाषा शिक्षणमा कस्तो फाइदा हुन्छ ? यसको आवश्यकता किन महसुस गरिएको हो ? भन्ने बारेमा अध्ययन गरिनु पर्दछ तर यसको महत्वपुर्ण विषयमा पनि तुलनात्मक रुपमा उध्ययन अनुसन्धान कम नै भएको पाइन्छ । विभिन्न तहका पाठ्यपुस्तक तथा अन्य सन्दर्भ सामग्रीहरू प्रकाशन गर्ने क्रममा शैक्षिक सामग्रीको प्रयोग आवश्यकता र महत्व सम्वन्धमा विशेष चर्चा गरिएको पाइन्छ । यसरी शैक्षिक सामग्रीको

महत्व आफ्ना ग्रन्थहरूमा उल्लेख गर्नेहरुमा प्रा.डा.हेमङ्गराज अधिकारी, प्रा.डा. केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेल, सहप्रा.डा. यादवप्रकाश लामिछाने, प्रा.भोजराज ढुङ्गेल, उपप्रा. दुर्गाप्रसाद दाहाल, प्रा.डा. रामचन्द्र लम्साल, उपप्रा. वासुदेव गौतम र गणेशराज अधिकारी, डा. माधवप्रसाद आचार्य र रामप्रसाद गौतम, लेखनाथ पौडेल र नेत्रप्रसाद पौडेल प्रमुख रहेका छन् ।

वि.सं. २०४१ सालमा **शिक्षा अनुसन्धान तथा विकास केन्द्र सेरिडले** गरेको प्राथमिक शिक्षामा प्रभावकारिता अध्ययन प्रतिवेदनमा केही जिल्लाको केही विद्यालयहरुमा मात्र शैक्षिक सामग्री प्रयोगको सामान्य अवस्थालाई देखाइएको छ (कोइराला, श्रीकृष्ण ,२०६९) ।

त्यसैगरी सन् १९९३ मा **त्रि.वि.शिक्षा अनुसन्धान तथा विकास केन्द्र सेरिडले** इन्टरनेशनल डेमलपमेन्ट रिसर्च सेन्टर क्यानाडाको संयुक्त प्रयासमा प्राथमिक विद्यालयमा शैक्षणीक सुधार भन्ने अन्तिम प्रतिवेदन प्रकाशन गरेको पाइन्छ । उक्त सर्वेक्षणमा प्राप्त निष्कर्षमा भनिएको छ 'नेपाली भाषा शिक्षण गर्दा पाठ्यापुस्तकका अतिरिक्त शब्पत्ती, वाक्यपत्ती, चार्टहरु, चित्रहरु प्रयोग गरेको पाइयो'(कोइराला, श्रीकृष्ण ,२०६९) ।

यसरी उक्त अनुसन्धान सहर बजारका प्राथमिक विद्यालयहरूमा केन्द्रिन भएर गरिएको हो । यसले नेपाली भाषा शिक्षणमा प्रयोग भएका शैक्षिक सामग्रीसम्बन्धी एक आंशिक खोज र अध्ययन मात्र गरेको छ ।

कोइराला, नारायणदत्त (२०६८) द्वारा सिन्धुली जिल्लामा **कक्षा ८ मा व्याकरण शिक्षण गर्दा अपनाइने कार्यकलापको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारेको पाइयो । उक्त शोधपत्रमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग भएका शैक्षिक सामग्रीको अंश समेत प्रस्तुत गरेको पाइयो । उक्त शोध अध्ययनमा सिन्धुली जिल्लाका ५ ओटा सामुदायिक र ५ ओटा संस्थागत विद्यालयका कक्षा ८ मा अध्ययन गर्ने नेपाली विषयका शिक्षकले गरेका प्रश्नावली र कक्षा अवलोकनको आधारमा विश्लेषण गरिएको पाइयो । अध्ययन गरिएका अधिकांश विद्यालयहरूमा दैनिक उपयोगको सामग्रीबाहेक अन्य सामग्री प्रयोग नगरिएको, कक्षाभित्र पर्याप्त शैक्षिक सामग्री सजाएर राखिएको नपाइएको निष्कर्ष निकालिएको छ ।

कोइराला, श्रीकृष्णप्रसाद (२०६९) द्वारा **सिन्धुली जिल्लाका निम्न माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारेका छन् । उक्त शोधपत्रमा जनसङ्ख्याका रुपमा सिन्धुली जिल्लाका १० ओटा सामुदायिक विद्यालयका नि.मा.वि. तहका विद्यार्थी, शिक्षक तथा प्रधानाध्यापकले भरेका प्रश्नावली र

अवलोकनकर्ताले भर्ने फारमबाट निष्कार्ष निकालिएको छ । अध्ययन अवलोकन गरिएको केही विद्यालयमा आर्थिक समस्याको कारण सामग्रीहरुको प्रवन्ध गरिएको देखिँदैन भने केही विद्यालयमा इच्छा शक्तिको अभावको कारण शैक्षिक सामग्री प्रवन्ध नगरेको, शैक्षिक सामग्रीले भाषा शिक्षणलाई प्रभावकारी बनाउँछ भन्ने दृष्टिकोणको कमी, विद्यालयमा शिक्षक दरबन्दी कम भएकाले शिक्षकको कार्यबोझ वढ्नाले शैक्षिक सामग्री छनोट, निर्माण र प्रयोगमा पछि परेका, स्थानीय स्तरका सामग्रीप्रति शिक्षकको ध्यान नगएको, शिक्षक निर्देशिका समयमै उपलब्ध गराउनुपर्ने साथै व्याख्यान विधिको प्रयोगमा कम गरी शैक्षिक सामग्री प्रयोगको समस्यालाई कम गर्न शिक्षक दरवन्दी सङ्ख्या वृद्धि, समयमै शिक्षक निर्देशिका उपलब्ध, शैक्षिक सामग्री निर्माण सङ्कलन र छनोटको लागि पेशागत तालिमको व्यवस्था सम्वन्धित निकायबाट मिलाउनुपर्ने निष्कर्ष निकालिएको छ ।

खड्का, प्रयागराज (२०५९) द्वारा **कक्षा ६ को हाम्रो नेपाली कितावमा समाविष्ट चित्रहरुको अध्ययन** शीर्षकमा अनुसन्धान गरिएको पाइन्छ । उक्त शोधमा पाठ १, ९ र १०का चित्रहरु अस्पस्ट रहेको तथा २ र ७ पाठमा चित्रहरुको रखाइको ढाँचा नमिलेको, पाठ ७ को चित्र अस्पष्ट रहेको ३, ७, ८ र ९ का चित्रहरु त्यति उपयुत्त नरहेको भौगोलिक तथा जातीय विविधताका आधारमा महिलाहरुको प्रतिनिधित्व चित्रमा हुन नसकेको र कतिपय चित्रहरुको रङ आकर्षक नभएको निष्कर्ष निकालिएको छ

खत्री, यज्ञबहादुर (२०६४) द्वारा **दोलखा जिल्लाका कक्षा ८ का नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीहरुको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ । शोधमा दोलखा जिल्लाका नि.मा.वि.र मा.वि.तहका १० वटा विद्यालयका कक्षा ८ मा नेपाली भाषा अध्यापन गर्ने शिक्षकहरुलाई प्रतिनिधि नमुना बनाइएको छ । उक्त अध्ययनबाट दोलखा जिल्लामा शैक्षिक सामग्री प्रयोग गर्ने शिक्षक सङ्ख्या न्यून रहेको, विद्यालयमा उपलब्ध सामग्रीको पनि प्रयोग नगरेको, सामग्री चक, डस्टर र कालोपाटीको भरमा व्याख्यान विधिबाट शिक्षण गरिएको, ८० प्रतिशत शिक्षक तालिमप्राप्त भएपनि तालिम प्राप्त र तालिम आप्राप्त बिचमा फरक नदेखिएको निष्कर्ष निकालिएको छ ।

खनाल, तोयानाथ (२०५५) द्वारा **कक्षा ५ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधिहरुको अध्ययन** नामक शोधपत्र तयार गरेको पाइयो । उक्त शोधपत्रमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग भएका शैक्षिक सामग्रीको अंश समेत प्रस्तुत गरेको पाइयो । शोधकार्यलाई पूर्णता दिनका लागि तथा सामग्री सङ्कलनका क्रममा काठमाण्डौं, ललितपुर

र भक्तपुर जिल्लाका जम्मा ४० ओटा विद्यालयहरुलाई जनसङ्ख्यको रुपमा लिइएको पाइयो । उक्त शोध अध्ययनमा नेपाली भाषा शिक्षण गर्दा सहायक सामग्रीका रुपमा कालोपटी समेत प्रयोग नगर्ने शिक्षकहरु ६ जना, कालोपाटीमा पाठशीर्षक मात्र लेख्ने शिक्षकहरु १३ जना, विधा र उद्देश्यअनुसार आवश्यक मात्रामा कालोपाटीको उच्चतम प्रयोग गर्ने शिक्षकहरु ५ जना र विविध शैक्षिक सामग्री प्रयोग गर्ने शिक्षक एक जना मात्र पाइयो ।

उक्त शोध अध्ययन विशेषगरी नेपाली भाषा शिक्षण गर्दा कक्षा ५ मा प्रयोग भएका शिक्षण विधिहरुको एक अध्ययन भएको हुँदा यसमा शैक्षिक सामग्रीसम्बन्धी सामान्य अंश मात्र प्रस्तुत गरेको पाइन्छ । शिक्षकहरुले कक्षामा प्रयोग गरेका शैक्षिक सामग्रीको व्यापक अध्ययन र वर्गीकरण गरिएको छैन र सामान्य रुपमा केही विद्यालयको स्थिति मात्र देखाइएको छ ।

घिमिरे, महेश्वर (२०६७) द्वारा **गुल्मी जिल्ला स्थित नि.मा.वि. तहको नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति** शीर्षकमा शोधपत्र तयार पार्ने क्रममा गुल्मी जिल्लाका ७ वटा विद्यालयमा नि.मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षक शिक्षिकालाई जनसङ्ख्याको रुपमा लिइएको छ । प्रस्तुत अध्ययनमा आर्थिक अवस्था कमजोर र शिक्षक दरबन्दी कमी भएका विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगमा समस्या रहेको निष्कर्ष निकालिएको छ ।

घिमिरे, विष्णु (२०५४) द्वारा **कक्षा १,२,३ का नेपाली भाषा पाठ्यापुस्तकमा राखिएका चित्रहरुको अध्ययन** शीर्षकमा शोधपत्र तयार गरेको पाइन्छ । यसमा शैक्षिक सामग्रीको अध्ययनभन्दा पनि पाठ्यपुस्त भित्रका चित्रको मात्र व्याख्या गरिएको छ । यो अध्ययन प्राथमिक तह १,२,३ कक्षाका पाठ्यापुस्तकमा सीमित रहेकाले चित्रहरुको परिचय दिने, भाषा चित्रहरुको वर्गीकरण र विश्लेषण गर्ने प्रमुख उद्देश्यमा केन्द्रित छ । शोधका प्रमुख निष्कर्षहरुमा कक्षा १ को तुलनामा समाविष्ट २ र ३ कक्षाका पाठ्यपुस्तकमा दिइएका चित्रहरुको साइज अलि ठूलो र स्पस्ट नभएको, कतिपय चित्रहरु पाठको मर्मभन्दा भिन्न प्रकृतिका रहेका र पाठको प्रयोजनभन्दा चित्रकारको स्वविवेकबाट चित्रको निर्माण भएको देखिन्छ ।

चन्द, ललितप्रकाश (२०६८) द्वारा **बाँके जिल्लाका विद्यालयहरुमा कक्षा ९ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको उपयोगिता अध्ययन** शीर्षकमा शोधपत्र तयार

पारिएको देखिन्छ । उक्त शोधपत्रमा बाँके जिल्लाका १० ओटा सामुदायिक विद्यालयका कक्षा ९ मा नेपाली भाषा शिक्षण गर्ने शिक्षक र प्रत्येक विद्यालयका कक्षा ९ मा अध्ययनरत २० जना विद्यार्थीले भरेका प्रश्नावली र अवलोकन कर्ताले भर्ने अवलोकन फारमबाट निष्कर्ष निकालिएको छ । उक्त शोधमा आर्थिक समस्याको कारण शैक्षिक सामग्री खरिद गर्न सरकारबाट छुट्टै बजेटको व्यावस्था गरिनुपर्ने, तालिम प्राप्त शिक्षकहरुलाई मात्र शिक्षण सेवामा प्रवेश दिइनुपर्ने, शिक्षकहरुको ज्ञान, सीप र वृत्ति विकासको लागि विभिन्न समयमा दिइएका तालिमहरुको कार्यान्वयन भए/नभएको मूल्याङ्कन गरी सल्लाह दिइनुपर्ने, विद्यालयमा उपलब्ध हुन नसक्ने शैक्षिक सामग्री शिक्षा कार्यालयमार्फत् वितरणको व्यवस्था मिलाउने, शैक्षिक सामग्री प्रयोग नगर्ने प्रचलनको अन्त्यका लागि शिक्षा कार्यालयमार्फत् कडा नीति अवलम्बन गर्नु पर्ने निष्कर्ष निकालिएको छ ।

निरौला, कृष्णप्रसाद (जनजागृति उ.मा.वि. भिमान, सिन्धुलीका शिक्षक,२०६९) द्वारा **नेतृत्व क्षमता विकास तालिमको अवसरमा शैक्षिक सामग्रीसँग सम्बन्ध राख्ने शैक्षिक सामग्री प्रयोगमा वृद्धि** शीर्षकमा अध्ययन प्रतिवेदन प्रस्तुत गरेको पाइयो । यस अध्ययन प्रतिवेदनले जनसङ्ख्याको रुपमा सिन्धुली जिल्लाअन्तर्गत जनजागृति उ.मा.वि. भीमानका कक्षा ८, ९ र १० का छात्रछात्रालाई २/२ समूहमा विभाजन गरी एक समुहलाई न्यून शैक्षिक सामग्री प्रयोग गरी लिइएको परीक्षामा न्यूनतम सामग्री प्रयोग गरिएको समूहले भन्दा अधिकतम सामग्री प्रयोग गरिएको समूहले औसत सिकाइ उपलब्धिमा उल्लेख्य वृद्धी गरेको निष्कर्ष निकालेको पाइयो ।

पौडेल, गोविन्दप्रसाद (२०६८) द्वारा **माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ । यस अध्ययनको जनसङ्ख्याका रुपमा सर्लाही जिल्लाका माध्यमिक तहका संस्थागत ५ तथा सामुदायिक ५ ओटा गरी जम्मा १० ओटा विद्यालयका नेपाली भाषा अध्यापन गर्ने १० जना शिक्षकहरुलाई लिई प्राप्त तथ्याङ्कलाई तालिकीकरण, वर्गीकरण, विश्लेषण गरेर निर्ष्कषमा पुग्ने काम भएको छ । उक्त शोधमा अधिकांश विद्यालयहरु आर्थिक स्रोतको अभावले शैक्षिक सामग्रीको उपयोग गर्न असमर्थ भएका, शिक्षकहरु तालिम प्राप्त भएपनि सामग्री सङ्कलन, निर्माण र प्रयोग बारे धेरै अनभिज्ञ भएका, शिक्षणमा पुरस्कार र दण्डको व्यवस्था नहुँदा शिक्षणमा परम्परागत धारण विद्यमान भएको, स्थानिय स्रोत र साधनको उपयोग शैक्षिक सामग्रीका रुपमा नगरिनु, अधिकाश विद्यालयमा शिक्षक निर्दोशिका पुऱ्याउन नसकिएको, व्याख्यान

विधिलाई कम गर्ने प्रयासको थालनी नगरिएको, शिक्षक दरबन्दी कमी भएका कारण शिक्षकको कार्यबोझ बढी भई शैक्षिक सामग्री प्रयोग गर्न नसकिएको, विशेषगरी शैक्षिक सामग्रीको रुपमा कालोपाटी र पाठ्यपुस्तकको प्रयोग गरिएको शैक्षिक सामग्रीसम्बन्धी आधुनिक उपकरणको प्रयोग भएको नपाइएको निष्कर्ष निकालिएको छ ।

भट्टराई, ज्ञानप्रसाद (२०५६) द्वारा **कक्षा १ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग भएका शैक्षिक सामग्रीहरुको सर्वेक्षण** शीर्षकमा अनुसन्धान गरिएको पाइन्छ । यो अध्ययन नेपाली भाषा शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग भएको छ/छैन सर्वेक्षण गर्ने सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरूले नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरेका शैक्षिक सामग्रीका बीचमा भिन्नता छ/छैन पत्ता लगाउने, सहरी र ग्रामीण क्षेत्रमा सञ्चालित विद्यालयका शिक्षकहरूले नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरेका शैक्षिक सामग्रीको प्रयोगका सम्वन्धमा शिक्षकको काम गराइ र कुरा गराइबिच भिन्नता छ वा छैन पत्ता लगाउनुजस्ता मुख्य उद्देश्यमा शोधकार्य केन्द्रित रहेको छ । यो शोध मुख्यतः क्षेत्रीय अध्ययन विधिमा आधारित छ । यसका लागि काठमाण्डौं र ओखलढुङ्गा जिल्लाका १० वटा विद्यालयलाई प्रतिनिधि नमुनाको रुपमा छनोट गरिएको छ । यसबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी तुलनात्मक रुपमा व्याख्या विश्लेषण गरिएको छ । यस शोधका प्रमुख निष्कर्षहरुमा नेपाली भाषा शिक्षण गर्दा शिक्षकले सबैभन्दा बढी कालोपाटीको प्रयोग गरिएका सरकारी विद्यालयको तुलनामा निजी विद्यालयमा शैक्षिक सामग्रीको बढी प्रयोग गरेको, पाठ्यक्रम, विषय, विस्तृतीकरण, शिक्षक निर्देशिकाआदिको प्रयोग नगरेको साथै शैक्षिक सामग्रीका सन्दर्भमा शिक्षकको कुरा गराइ र काम गराइबिच प्रशस्त भिन्नता पाइएको निष्कर्ष निकालिएको छ ।

भुषाल, निमानन्द (२०५९) द्वारा **अर्घाखाचीका मा.वि. तहमा नेपाली शिक्षणमा शैक्षिक सामग्री प्रयोगको वर्तमान स्थिति** शीर्षकमा अनुसन्धान भएको देखिन्छ । उक्त शोधपत्र तयार पार्ने क्रममा अर्घाखाची जिल्लाका १२ ओटा विद्यालयमा अध्ययन अनुसन्धान गरी मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्दा उपयोगमा ल्याइएका र ल्याउन सकिने शैक्षिक सामग्री तथा तिनको महत्व दर्शाउने काम गरिएको छ । शोधमा विद्यालयको कमजोर आर्थिक स्थिति सामग्रीहरुको निर्माण र प्रयोगबारे अनभिज्ञ शिक्षक, पर्याप्त तालिम तथा अनुगमनको अभाव आदि समस्याले गर्दा सम्बद्ध जिल्लामा अत्यन्त न्यून सामग्रीहरू प्रयोग हुने गरेको निष्कर्ष निकालिएको छ ।

राई, दिलभक्त (२०६७) द्वारा **खोटाङ जिल्लाका प्रा.वि. तहमा नेपाली शिक्षणका सन्दर्भमा शैक्षिक सामग्री उपयोगको वर्तमानस्थिति : एक अध्ययन** शीर्षकमा अनुसन्धान गरिएको छ । खोटाङ जिल्लाका प्रा.वि. र नि.मा.वि.गरी १० बटा विद्यालयका प्राथमिक तहमा अध्यापन गराउने नेपाली भाषा शिक्षकलाई जनसङ्ख्याका रुपमा लिएर गरिएको अध्ययनमा आर्थिक स्रोतको अभावमा शैक्षिक सामग्रीको उपयोग गर्न नसकिएको, शिक्षक तालिम प्राप्त भएता पनि सामग्री सङ्कलन, निर्माण र प्रयोगबारे अनभिज्ञ पाइएको, नेपाली शिक्षणलाई अवहेलना गरिएको, भौगोलिक विकटता भएको क्षेत्र हुनाले पाठ्यपुस्तकसमेत समयमा विद्यालयमा पुऱ्याउन नसकिएको अवस्थामा अन्य विषयहरु गौण बन्न पुगेको निष्कर्ष निकालिएको छ ।

शर्मा, नरेन्द्र प्रसाद (२०५४) द्वारा **शैक्षिक सामग्रीको प्रयोग एक अध्ययन** शीर्षकमा गरिएकोअनुसन्धानमा भाषा शिक्षणमा शैक्षिक सामग्रीको अनिवार्य आवश्यकता हुने निष्कर्ष निकालिएको छ ।

सापकोटा, इन्द्रकुमार (२०६७) द्वारा **झापा जिल्लाका निम्न माध्यमिक तह (कक्षा ६-८)मा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ । झापा जिल्लाका १० वटा सामुदायिक विद्यालयमा १० जना नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरुले भरेका प्रश्नावली र कक्षा अवलोकनको आधारमा विश्लेषणात्मक ढङ्गले निष्कर्ष निकालिएको छ । आर्थिक समस्याका कारण शैक्षिक सामग्री प्रबन्ध गर्न विद्यालय असमर्थ भएको, शिक्षकहरु तालिमप्राप्त र स्थायी भएपनि तालिममा प्राप्त गरेको सैद्धान्तिक ज्ञान र व्यावहारिक सीपको प्रयोग कक्षा कोठामा गर्न पूर्ण रुपमा सफल नभएका, कार्यदक्षताका आधारमा मूल्याङ्कन एवम् मूल्याङ्कनपश्चात् पुरस्कार र दण्डको उचित व्यावस्था नहुँदा शैक्षिक सामग्रीको प्रयोगमा प्रभावकारिता ल्याउन नसकिएको, विद्यालयमा शिक्षक दरबन्दी कम भएका हुदाँ शिक्षकको कार्यबोझ बढी भएर शैक्षिक सामग्री छनोट, निर्माण र प्रयोगमा पछिपरेका स्थानीय स्तरका सामग्रीप्रति शिक्षकको ध्यान गएको नपाइएको, शिक्षक निर्देशिका समयमै शिक्षकलाई उपलब्ध गराउनुपर्ने साथै व्याख्यान विधिको प्रयोगमा कम गरी शैक्षिक सामग्रीको प्रयोगमा जोड दिइनुपर्ने निष्कर्ष निकालिएको छ ।

श्रेष्ठ, लक्ष्मीमाया (२०६४) द्वारा **गोरखा जिल्लाको प्रा.वि. तहमा नेपाली शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति एक अध्ययन** शोध तयार पारेको पाइन्छ । शोधमा

आर्थिक अभावका कारण शैक्षिक सामग्री निर्माण र प्रयोग गर्न नसकिएको, उपलब्ध सामग्री पनि शिक्षक प्रयोग गरिएको शैक्षिक सामग्रीलाई भाषा शिक्षणको अभिन्न र अनिवार्य पाटोको रूपमा विकसित गर्न सकिएमा अपेक्षित शैक्षिक उद्देश्य हासिल हुने निष्कर्ष निकालिएको छ ।

यसरी शैक्षिक सामग्री सम्बन्धमा विभिन्न विद्वान्हरूले विभिन्न तह र विषयका पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री लेख्ने क्रममा र उच्च तहमा अध्ययनरत विद्यार्थीहरूले निश्चित तहको योग्यता प्राप्त गर्न शोधपत्र तयार पार्ने क्रममा शैक्षिक सामग्रीको परिचय, महत्व र प्रयोगका सम्वन्धमा विभीन्न कोणबाट चर्चा गरिदै आएको पाइन्छ । शैक्षिक सामग्रीका सम्बन्धमा खोज र लेखहरुले शिक्षण कार्यमा यसको अपरिहार्यतालाई पुष्टि गर्दछ । विभिन्न कक्षा, तह र विषयलाई आधार बनाएर शैक्षिक सामग्रीका सम्बन्धमा गरिएका माथिका प्रयास र कार्यहरूले नेपाली भाषा शिक्षणमा संलग्न शिक्षकहरुलाई विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति लगायत सबै सरोकारवालाहरूमा आवश्यक मार्गनिर्देशन, सल्लाह, सुझाव प्राप्त हुने विश्वास गरिएको छ ।

शैक्षिक सामग्रीका सम्बन्धमा भए गरेका माथिका कार्यहरूमा आधारित हुँदै माथि नसमेटिएका सिन्धुली जिल्लाको सन्दर्भमा माध्यमिक तहमा नेपाली भाषा शिक्षणअन्तर्गत कथा विधा शिक्षणमा प्रयोग गरिने शैक्षिक सामग्रीको अवस्थामा केन्द्रित रहेर हालसम्म कुनै शोधपत्र तयार नभएकोले यो शोधपत्र तयार पारिएको छ । विभिन्न कक्षाका नेपाली विषयसँग सम्बन्धित भएर तयार पारिएका माथिका शोधपत्रको तुलनामा यो शोधपत्र एउटा कक्षाको एक विधासँग मात्र सम्बन्धित भएर तयार गरिएको हुनाले तुलनात्मक रुपमा नवीन ठहरिनेछ । अग्रज विद्वान्हरूको कार्य र प्रयासलाई आधार बनाएर नै शोधपत्र तयार गरिएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ नेपाली भाषा शिक्षणमा उपयोग हुने शैक्षिक सामग्रीको परिचय

शिक्षण सिकाइ क्रियाकलापमा सहयोग पुऱ्याउने सामग्री नै शैक्षणिक सामग्री हुन् । शैक्षिक सामग्री प्रयोग गरेर गरिएको शिक्षण रोचक, प्रभावकारी र चिरस्थायी हुन्छ । शिक्षकले विषय वस्तुको मौखिक जानकारी दिएर मात्र शिक्षण कार्य पूरा नहुने भएकाले शिक्षणलाई सफल तुल्याउन शैक्षिक सामग्रीको प्रयोग अनिवार्य तथा महत्वपूर्ण मानिन्छ । परम्परागत शिक्षणमा पाठ्यपुस्तकलाई मात्र शिक्षण गर्ने माध्यम बनाइन्थ्यो । त्यसैले शिक्षण अप्रभावकारी अस्थायी तथा विद्यार्थीको सक्रियता कम हुन्थ्यो । थोरै परिश्रमबाट धेरै कुरा सिकाउन, विद्यर्थीहरूको

ध्यान पढाइप्रति केन्द्रित गराउन, सिकेको कुरा चिरस्थायी तुल्याउन अनि विद्यार्थीहरुमा सुषुप्त अवस्थामा रहेको जिज्ञासा जागृत गराउन पनि शिक्षण सामग्रीको प्रयोग आवश्यक छ । पाठ्यक्रमले निर्दीष्ट गरेका उद्देश्यहरू पूरा गर्न, शिक्षण प्रक्रियालाई रोचक, सहज, सरल र प्रभावकारी बनाउन, सिकाइलार्य उद्देश्यमूलक बनाउन कक्षा कोठामा प्रयोगमा आउने सम्पूर्ण साधन वा सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । नेपाली भाषा शिक्षण गर्दा विद्यार्थीमा सुनाइ बोलाइ, पाढाइ, लेखाइ गरी चार सीपको विकास हुनु जरुरी हुन्छ । यसको निम्ति शैक्षिक सामग्रीको अपरिहार्यता रहन्छ । शैक्षिक सामग्रीलाई विभिन्न शिक्षाविद् तथा विद्वान्हरुले आ-आफ्नै किसिमले परिभाषित गरेका छन् जुन केही निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

कक्षामा अध्यापन गर्दा विद्यार्थीहरुलाई सजिलो किसिमवाट बुझ्ने गरी सिकाउन हामी जे-जे प्रयोग गर्छौं ती सबैलाई शैक्षिक सामग्री भनिन्छ (रेडियो शिक्षण तालिम पुस्तिका, २०४८) । पाठ्यपुस्तकमा दिइएका पाठ्का अतिरित्त ती पाठलाई स्पस्ट गर्न, त्यसरी स्पस्ट गर्दा चाहिने उपयुक्त वातावरण बनाउन र सिकाइलाई स्थायी रुप दिन उपयोग हुने सामग्री नै शैक्षिक सामग्री हुन् ( प्राथमिक शिक्षक तालिम पुस्तिका, २०५५:८४) । भाषाका विभिन्न सीप तथा पक्ष एवम् साहित्यका विविध पाठ्यवस्तुहरुको प्रभावकारी शिक्षण गर्न शिक्षकले पाठ प्रस्तुतिका क्रममा सहायक सामग्रीका रुपमा प्रयोग गर्ने जुनसुकै सामग्रीलाई शिक्षण सामग्री भन्न सकिन्छ (शर्मा र पौडेल, २०६०:२०३) ।

माथिका परिभाषाबाट भाषिक सीपहरुमा सक्षम बनाउन भाषा तत्वहरूको स्तरअनुसार सुझा बढाउन एवम अभिव्यक्ति अमताको बृद्धि गर्न, विद्यार्थीहरुलाई सजिलो किसिमबाट बुझ्ने गरी सिकाउन, पाठलाई स्पस्ट पार्न र सिकाइलाई स्थायी हुन् भनेर बुझ्नु पर्ने हुन्छ । आजको एक्काइसौं शताब्दीमा हिजोको व्याख्यान विधि सर्वस्वीकार्य हन सकदैन त्यसैले वर्तमान समयमा भाषा शिक्षणमा प्रयोग गर्ने शैक्षिक सामग्रीहरुको निर्माण दिन प्रतिदिन बढ्दै जानेछ ।

## २.३ भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोगिता

भाषा शिक्षण भनेको कुनै पनि भाषाको बारेमा शिक्षण गर्नु होइन । भाषा शिक्षण भनेको सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपहरुको शिक्षण गर्नु हो । अन्य विषयका सन्दर्भमा भाषा साधन वा माध्यम हो भने भाषा शिक्षणमा भाषा साधन र साध्य दुवै हो ।

थोरै परिश्रमद्वारा धेरै कुरा सिकाउने, विद्यार्थीको ध्यान विषयवस्तुप्रति केन्द्रित गर्न, शिक्षणलाई सरल, सरस र प्रभावकारी बनाउन र सिकाइलाई स्थायित्व दिन शैक्षिक सामग्री आवश्यक हुन्छ । यसको प्रयोगबाट विद्यार्थीहरूको सहभागिता बढेर शिक्षकको कार्यबोझ घट्न जान्छ र कक्षा शिक्षण सजीव बन्न पुग्दछ । विद्यार्थीको सुषुप्त अवस्थामा रहेको जिज्ञासालाई जागृत गराउन शिक्षण सामग्रीको प्रयोग आवश्यक हुन्छ । कतिपय शिक्षक तथा अभिभावकहरुमा नेपाली भाषा शिक्षणका लागि शैक्षिक सामग्री आवश्यक पर्दैन भन्ने गलत धारण व्याप्त रहेको देखिन्छ । जसरी विज्ञान, भूगोल जस्ता विषयहरुमा शैक्षिक सामग्री विनाको शिक्षण निरर्थक हुन्छ, त्यस्तै भाषा शिक्षणमा पनि हुन्छ । भाषाका सुनाइ बोलाइ, पढाइ, लेखाइ सीपहरुका साथै अक्षर चिनारीदेखि लिएर शब्दभण्डार, बोध, व्याकरण विभिन्न रचनाआदि सबै कुराको अभ्यासमा शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सय पटक भनेको कुरा भन्दा एक पटक देखेको कुरा चिरस्थायी र बढी स्मरणीय हुने भएकाले सिकाइलाई दिगो बनाउन शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका हुन्छ ।

यसप्रकार विद्याथीले शैक्षिक सामग्रीको माध्यमबाट प्रत्यक्ष रूपमा ठोस र व्यावहारिक ज्ञान प्राप्त गर्दछन् । भाषा शिक्षणमा भाषिक सीपहरुको अत्याधिक अभ्यासद्वारा नै भाषा सिकाइ हुन्छ । अभ्यासको क्रममा शैक्षिक सामग्रीको प्रायेग र सामिप्यताले अभ्यासलाई स्मरणीय बनाउँछ । भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगले सिकाइमा सहजता ल्याई सिकाइ पूर्ण र दिगो बनाउन विशेष भूमिका खेल्दछ । त्यसैले भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोगिता दिनानुदिन वढ्दो छ ।

## २.४ शैक्षिक सामग्रीको प्रयोगबाट हुने फाइदा

शैक्षिक सामग्रीके प्रयोगद्वरा शिक्षण सिकाइ कार्य सञ्चालन गर्दा हुने फाइदा निम्नानुसार छन् :

1. शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइ क्रियाकलापप्रति रुचि जगाउँछ ।
2. विषयवस्तु स्पस्टसँग बुझ्न मद्दत पुग्दछ ।
3. विद्यार्थीलाई सिकाइको लागि अभिप्रेरित गर्दछ ।
4. शिक्षण सिकाइलाई रोचक र सुगम बनाउँछ ।
5. सिकाइलाई चिरस्थायी बनाउन सहयोग गर्दछ ।
6. सिकाइ व्यवहारिक र सार्थक हुन्छ ।
7. सिकाइको उपयोग र स्थानान्तरणमा मद्दत गर्दछ ।

8. विद्यार्थीमा सिर्जनात्मक क्षमताको विकास गराउँछ ।
9. शिक्षकको शिक्षण सीपमा अभिवृद्धि हुन्छ ।
10. शिक्षक र विद्यार्थीमा सुसम्बन्ध कायम गराउन सहयोग पुग्दछ (पौडेल, २०६०:१०२)

## २.५ असल शैक्षिक सामग्रीका प्रमुख विशेषताहरू

प्रत्येक शिक्षण सिकाइ सामग्रीको कुनै पनि विषयवस्तुको शिक्षणमा के कति उपयोगिता छ भन्ने विचार गरेर सामग्री छनोट गर्नु आवश्यक हुन्छ । शिक्षणबाट अधिकतम फइदा लिनका लागि सामग्रीको छनोटमा विशेष ध्यान पुऱ्याउनु पर्दछ । विद्यार्थीको स्तर , रुचि, शिक्षणका उद्देश्य, सामग्रीको उपलब्धता जस्ता तत्वहरुलाई विचार गरेर सामग्रीको छनोट गर्नुपर्दछ । यहाँ असल शिक्षण सिकाइ सामग्रीका सामान्य विशेषता उल्लेख गरिएका छन् । यी विशेषताहरुले सामग्री छनोटका लागि केही आधार तयार गर्नेछन् । असल शिक्षण सिकाइ सामग्रीका प्रमुख विशेषताहरु निम्नानुसार छन् :-

1. उद्देश्यमूलक र अर्थपूर्ण,
2. प्रयोग गर्न सकिने,
3. टिकाउपूर्ण,
4. विद्यार्थीलाई अभिप्रेरित गर्ने,
5. विद्यार्थीलाई स्तरअनुकूल अघि बढ्न,
6. शिक्षण सञ्चालन गर्न, सामग्री प्रयोग गर्न र लैजान, सजिलो, सामान्य तर आकर्षक,
7. उपयुक्त रङ र आकारको,
8. सामान्य तर आकर्षक,
9. सस्तो मूल्यमा प्राप्त गर्ने, स्थानीय स्तरमा उपलब्ध हुनसक्ने,
10. आफैमा पूर्ण हुनुपर्दछ । (पौडेल, २०६०:१०२) ।

## २.६ शैक्षिक सामग्रीको वर्गीकरण

भाषा सिक्षण विषयवस्तुको शिक्षण नभएर भाषिक सीपको शिक्षण हो । भाषाका चार सीपहरु सुनाइ, बोलाइ पढाइ, लेखाइ सीप विकासका लागि र भाषातत्वको स्तरअनुसार सुझ बढाउन उपयोगी हुन सक्ने, जुनसुकै साधन वा सामग्री शैक्षिक सामग्रीका रुपमा उपयोगमा ल्याउन सकिन्छ । कालोपाटी, चित्रहरु, गोजीतालिका र प्रश्नहरु, श्रव्य, दृश्य र मौखिक, दृश्य, श्रव्य, श्रव्यदृश्य र स्पर्श गरी शैक्षिक सामग्रीलाई वर्गीकरण गरिएका छन् ।

**शैक्षिक सामग्रीको वर्गीकरण**

**तालिका नं. १**

| **मोखिक सामग्री** | **दृश्य सामग्री** | **श्रव्य सामग्री** | **श्रव्यदृश्य सामग्री** | **स्पर्शसामग्री** |
|---|---|---|---|---|
| प्रश्नहरु | कालोपाटी | रेडियो, | सिनेमा | नुनिलो |
| उदाहरणहरु | फलाटिनपाटी | टेपरेकर्डर | टेलिभिजन | तातो |
| | श्वेतपाटी | ग्रामोफोन | भिडियो | चिसो |
| | प्रदर्शनपाटी | टेलिफोन | कम्प्युटर | पिरो |
| | प्रक्षेपक, शब्दकोश | | भाषा प्रयोगशाला | नरम |
| | तस्वीर, मानचित्र | | शिक्षक | कडा |
| | नक्सा, सन्दर्भ | | | गीलो |
| | पुस्तकहरु | | | अमिलो |
| | निर्देशिका | | | सान्हो |
| | पत्रपत्रिका कक्षा | | | चिल्लो |
| | पुस्तकालय, टुक्रे | | | खस्रो |
| | अक्षर, वास्तविक | | | |
| | वस्तु, प्रतिमूर्ति | | | |
| | चित्र, पत्तीहरु चार्टहरु | | | |

## २.६.१ मौखिक सामग्री

भाषा शिक्षणका क्रममा कक्षाकोठामा मौखिक रुपमा प्रस्तुत गरिने सामग्रीलाई मौखिक सामग्री भनिन्छ । यस्ता सामग्रीहरुको प्रयोगले विद्यार्थीमा ध्यानपूर्वक सुन्ने, बुझ्ने र चनाखो रहने बानीको विकास भई सिकाइ प्रभावकारी हुन्छ । जटिल कुरालाई सरल र अमूर्त कुरालाई मूर्त रुपमा प्रस्तुत गर्न तथा सिकारूलाई सिकाइप्रति अभिरुचि जगाउन मौखिक सामग्रीको महत्वपूर्ण भूमिका हुन्छ । मौखिक सामग्रीहरूलाई दुई भागमा विभाजन गर्न सकिन्छ । ती हुन् : प्रश्नहरु र उदाहरणहरू ।

**(क) प्रश्नहरू**

भाषा शिक्षणमा भाषिाक सीपको विकासको लागि र प्राप्त भाषिक सीपको लेखाजोखा गर्नका लागि प्रश्नको प्रयोग गरिन्छ । यो मौखिक सामग्रीअन्तर्गतको महत्वपूर्ण र भरपर्दो साधन हो । यसबाट विद्यार्थीहरुको सक्रियता बढ्ने, कल्पना शक्ति र तर्कशक्ति बढ्ने, शिक्षक विद्यार्थीबीच अन्तर्क्रियाको अवसर मिल्ने जस्ता फाइदा हुन्छन् । शिक्षण सामग्रीका रुपमा प्रयोग गरिने प्रश्नहरु छोटा, मीठा, सरल, प्रासङ्गिक, स्पस्ट, स्वभाविक स्तरअनुकूल, उद्देश्यमूलक हुनुपर्दछ ।

**(ख) उदाहरणहरू**

उदाहरण पनि एक मौखिक सामग्री नै हो । उदाहरणको प्रयोगले पाठलाई सरल रुपमा प्रस्तुत गर्न, विद्यार्थीको ध्यानाकर्षण गरी शिक्षणप्रति रुचि जगाउन, अज्ञात र अमूर्त कुरालाई ज्ञात र मूर्त बनाउन सहयोग पुग्दछ । उदाहरणहरु रोचक, विधार्थीको स्तरअनुरुप, सरल र स्पस्ट हुनुपर्दछ । भाषा शिक्षणको प्रसङ्गमा उदाहरणको उचित प्रयोग, उचित सन्दर्भ र उचित समयमा गरियो भने त्यसले विद्यार्थीमा भाषासम्बन्धी ज्ञान र भाषिक सीप विकासमा ठूलो सहयोग मिल्दछ ।

### २.६.२ दृश्य सामग्री

आँखाले हेरेर देख्न सकिने सामग्री दृश्य सामग्री हो । दृश्य सामग्रीको प्रयोगले ठोस धारणाको विकास गर्न मद्दत पुग्दछ । भाषा शिक्षणका सन्दर्भमा हेर्दा यस प्रकारका सामग्रीहरुको प्रायेगको सम्भाव्यता बढी छ र बढी मात्रामा प्रयोग पनि हुँदै आएको पाइन्छ । दृश्य सामग्रीको सहयोगले विद्यार्थीहरुले धारणात्मक विकास गर्न सक्छन् । मौखिक सामग्रीबाट स्पस्ट पार्न नसकिने कतिपय अवस्थामा यस्ता दृश्य सामग्री प्रयोग गरिन्छ ।

### २.६.२.१ पाटीहरू

शिक्षण क्रियाकलापको निम्ति अत्यन्तै आवश्यक शैक्षिक सामग्री पाटीहरु हुन् । शिक्षण सिकाइका क्रममा पाटीलाई लेख्ने शैक्षिक सामग्री प्रस्तुत गर्ने प्रयोजनले उपयोग गरिन्छ । यस्ता पाटीहरु विभिन्न प्रकारका हुन्छन् । ती हुन् : कालोपाटी, फलाटिन पाटी, चुम्वकीय पाटी, श्वेतपाटी आदि ।

**(क) कालोपाटी**

शिक्षणमा अत्याधिक प्रयोगमा आउने सामग्री कालोपाटी हो । हाम्रो देशका शिक्षण संस्थाहरुमा यसकै प्रयोगबाट शिक्षण कार्य सञ्चालन गरिन्छ । कालोपाटी फल्याक वा प्लाइउडबाट बनेको वा कक्षाकोठाको भित्तामा बालुवा सिमेन्टले प्लास्टर गरेर कालो रङ लगाएर बनाइन्छ । कालोपाटीको प्रयोग पाठको शीर्षक लेख्न, प्रमुख बुँदाटिपोट गर्न, चित्र, नक्सा बनाई कुनै कुरा स्पस्ट पार्न, परिभाषा लेख्न, उच्चरण, वर्णविन्यास, शब्दार्थ, शब्दयोग, व्याकरण, सारांश, नमुना, निबन्ध, चिठिका ढाँचा अनुच्छेद लेखन, शुद्दाशुद्धि, प्रश्नोत्तर आदिको अभ्यास गराउन एकाइ परीक्षाका प्रश्नहरु लेख्नआदि सम्पूर्ण कार्यमा यसको प्रयोग गरिन्छ ।

**(ख) फलाटिन पाटी**

फलाटिनको सादा कपडाबाट बनाइएको पाटीलाई फलाटिन पाटी भनिन्छ । कालोपाटीमा लेखेर देखाउँदा बढी समय लाग्ने हुँदा चित्र तालिका पोस्टरआदि सामग्रीहरु तुरुन्तै आकर्षक र नाटकीय पाराले फलाटिन पाटीमा प्रदर्शन गर्न सकिन्छ । फलाटिन पाटी निर्माण गर्दा प्लाइउडमा फलाटिनको कपडा मोडेर वा फलाटिन कपडाको तल र माथि लठ्ठी राखेर झुण्ड्याउनका लागि डोरीको प्रयोग गर्न सकिन्छ । सामान्यतया फलाटिन पाटी २४ x ३० इन्चको हुनुपर्दछ । फलाटिन बोर्ड आफैंमा सहायक सामग्री भने होइन । शिक्षकले वाक्यपत्ती र चित्रहरु तुरुन्त देखाउन फलाटिन पाटीको सहयोग नलिई देखाउन अप्ठ्यारो पर्दछ । यसमा देखाइने सामग्रीका पछाडिपट्टि आवश्यकताअनुसार दुई तीन ओटा खाकसीका साना टुक्रा टाँसिन्छ । खाकसीको खस्रोपनाले सामग्रीलाई अड्याउन सजिलो पर्न जान्छ ।

**(ग) चुम्बकीय पाटी**

भाषा शिक्षणको लागि फलाटिन पाटी जस्तै चुम्बकीय पाटी पनि एक उपयोगी सामग्री हो । यस्तो पाटीको निर्माण गर्दा पाटीको पछाडि पट्टि चुम्बकको पाता राखिएको हुन्छ र यसमा प्रदर्शन गर्ने सामग्रीको पछाडि फलामको पाता जडान गरिएको हुन्छ । यसले गर्दा सामग्रीलाई चाहेको ठाउँमा सजिलै अड्याउन सकिन्छ । यस प्रकारका सामग्रीहरु बजारमा किन्न पाइन्छ ।

**(घ) श्वेतपाटी (मार्कर बोर्ड)**

श्वेतपाटी कालोपाटीको विकल्पमा प्रयोग हुने पाटी हो । यसको निर्माण काठ वा प्लाइउडमा सेतो सनमाइका टाँसेर बनाइएको हुन्छ र मार्कर पेनको सहायताले आवश्यक कुराहरु


कालोपाटीमा जस्तै लेखेर प्रस्तुत गरिन्छ । वर्तमान समयमा सुविधा सम्पन्न विद्यालय तथा क्याम्पसहरुमा यसको प्रयोग बढी गरिन्छ । यसको प्रयोगबाट विद्यार्थी तथा शिक्षकको स्वास्थ्यमा अनुकूल प्रभाव पर्दछ ।

**(ङ) गोजीतालिका**

भाषा शिक्षणको कक्षामा प्रयोग गरिने विभिन्न सामग्रीहरुमध्ये गोजीतालीका एक महत्वपूर्ण सामग्री हो । गोजी तालिकाको सहयोगबाट कक्षा कोठामा विद्यार्थीहरुलाई पाठमा भएका कठिन शब्दहरुको अर्थ लेखेर गोजीतालीकाको गोजीमा राखी देखाइन्छ । कार्डबोर्डका टुक्रहरुमा शब्द, अक्षर, वर्ण आदि लेखेर गोजीतालिका मार्फत् प्रस्तुत गर्न सकिन्छ ।

**(अ) बनाउने तरिका**

गोजीतालिका बनाउँदा २४ x २४ इन्चको एउटा बाकलो कार्डबोर्ड छाप्नु पर्दछ । त्यसलाई तेस्रो र ठाडो लहर पर्ने गरी ५ इन्च चौडाइ र २ इन्च गहिराइको गोजी बनाएर गुँदले त्यसलाई टाँस्नु पर्दछ । यसरी टाँस्दा प्रत्येक दुईओटा गोजीबिच एक इन्च जति ठाउँ छाड्नु पर्दछ । गोजीको आकारअनुसार ४ हरफ अटाउने र ५ इन्चको बाक्लो कागज तयार पारेका अक्षर, वाक्यआदि लेख्नुपर्दछ ।




आवश्यकतानुसार गोजीतालिकाको प्रयोग गरी शब्दार्थ शिक्षण व्याकरणअन्तर्गत काल, पक्ष, कारक, पदसङ्गति आदिको शिक्षण गर्न सकिन्छ । उदाहरणका लागि सम्बन्धवाचक कारकका बारेमा विद्यार्थीहरुलाई धारणा स्पस्ट पार्न निम्न शब्दपत्ती गोजीतालिकामा राख्नुपर्छ ।

| स्तम्भ 'क' | स्तम्भ 'ख' | स्तम्भ 'ग' |
|---|---|---|
| श्याम | का | भाइ |
| मोहन | की | छोरी |
| पवना | की | दिदीहरु |

भाषा शिक्षकले कक्षामा गोजीतालिकाको उपयोग गर्दा एउटा विद्यार्थीलाई 'क' स्तम्भको कुनै एउटा शब्दपत्ती झिकी गोजी तालिकामा राख्न लगाउने, अर्को विद्यार्थीलाई 'ख' स्तम्भको एउटा शब्दपत्ती झिकी त्यसैको सिधा दायापट्टि राख्न लगाउने र तेस्रो विद्यार्थीलाई 'ग' स्तम्भको शब्दपत्ती झिकी त्यही लाइनको सिधा दायापट्टि राख्न लगाउने गर्नुपर्छ । यसैगरी वाकयगठन, पदसङ्गति, काल, पक्ष, भाव, वाच्यआदिको शिक्षणमा गोजीतालिका वढी उपयोगी हुन्छ ।

**(च) प्रक्षेपक**

दृश्य सामग्रीअन्तर्गतको एउटा महत्वपूण सामग्री प्रक्षेपक पनि हो । यो एक विधुतीय सामग्री हो । पाटीबाट प्रस्तुत गर्न सकिने कुराहरु प्रक्षेपकमार्फत् देखाउन सकिन्छ । नेपाली भाषा शिक्षणका अनेकौं पाठ्यवस्तुलाई कक्षामा प्रस्तुत गर्न यस सामग्रीले सहयोग पुर्‍याउँछ । उपयोगको प्रयोजन अनुसार प्रक्षेपक विभिन्न प्रकारका हुन्छन् ।

**(अ) उर्ध्वशीर प्रक्षेपक (ओभरहेड प्रोजेकटर)**

विभिन्न प्रकारका चित्र, नकसा, तालिका, मानचित्र, रेखाचित्र, पाठका प्रमुख बुँदा उत्तरका नमुना, अभ्यासहरु आदि पारदर्शी प्लाष्टिकमा विशेष खाले कलमले लेखी प्रस्तुत गर्न सकिने प्रक्षेपकलाई उर्ध्वशीर प्रक्षेपक भनिन्छ । यसको प्रयोगले शिक्षणमा रोचकता ल्याउँछ र सिकाइ प्रभावकारी हुन्छ । उर्ध्वशीर प्रक्षेपक बोकेर सार्न सकिने सामान्य साधन हो । यसको प्रयोग गर्दा विद्यार्थीतिर फर्किएर लेख्न सकिन्छ । साथै सानो आकारको सामग्रीलाई ठूलो आकारमा प्रस्तुत गर्न सकिने, फोटोकपी गरेका सामग्री पनि प्रयोग गर्न सकिने यसको फाइदा हो । उर्ध्वशीर प्रक्षेपक वजारबाट किनेर ल्याउन सकिन्छ । वर्तमान नेपाली वजारमा एउटा उर्ध्वशीर प्रक्षेपकको मूल्य १०-१५ हजारदेखि एक डेढ लाखसम्म पर्दछ । (आचार्य र गौतम, २०६५:१९१) ।

**(आ) स्लाइड प्रक्षेपक**

विभिन्न उद्देश्यका लागि स्लाइडमा कोरेर तयार परिएका स्लाइडहरुलाई प्रदर्शन गर्न सकिने प्रक्षेपकलाई स्लाइड प्रक्षेपक भनिन्छ । यसलाई हलुका ढङ्गले यताउता लैजान सकिन्छ । शब्द निर्माण, वाक्य निर्माण तथा व्याकरण शिक्षणमा यो बढी उपयोगी हुन्छ ।


**(आ) अपारदर्शी प्रक्षेपक**

अपारदर्शी प्रक्षेपक सामग्रीलाई यसको प्रदर्शन ट्रेमा राखी प्रस्तुत गर्न मिल्ने प्रक्षेपकलाई अपारदर्शी प्रर्क्षपक भनिन्छ । यसमा राखिएका सामग्रीहरु आवश्यकताअनुसार ठूलो वा सानो आकारमा देखाउन सकिन्छ ।

प्रक्षेपकहरू भाषा शिक्षणका लागि उपयोगी सामग्री हुन् तर यस्ता सामग्रीहरु महङ्गो पर्ने, सामग्री निर्माणको लागि विशेष सीपको आवश्यकता पर्नेआदि कारणले नेपाली भाषा शिक्षणमा यसको उपयोग प्रभावकारी हुन सकेको छैन ।

**(छ) सूचना/प्रदर्शन पाटी**

विद्यार्थीहरुद्वारा तयार गरिएका चित्र, रचनालगायत अन्य उपयोगी चित्र, पत्रिकाका कटिङ तथा अन्य पठनका लागि उपयोगी हुने सामग्रीहरु प्रदर्शनको लागि कक्षाकोठाको भित्तामा टाँसिएको बोर्डलाई सूचना अथवा प्रदर्शन पाटी भनिन्छ । फोटो, चित्र, समाचार, कार्टुन, लधुकथा, कविता जस्ता सामग्रीहरु प्रदर्शन गर्ने बुलेटिन बोर्डलाई कक्षाको कुनै भित्तामा करिब ३ फिटको उचाइमा राखिनु पर्दछ । बोर्डमा प्रदर्शन गरिएका सामग्रीहरुलाई आवश्यकताअनुसार सम्बन्धित विषय शिक्षणमा पनि प्रयोग गर्न सकिन्छ । त्यसैगरी विद्यार्थीको आवश्यक जानकारीका लागि सामग्री प्रदर्शन गर्न सकिन्छ । कक्षा कोठाको अत्यावश्यकता अनुसार बोर्डलाई सानो ठूलो बनाउन सकिन्छ तापनि सामान्यतया ३ X ५ फिटको बोर्ड उपयुक्त हुन्छ । बुलेटिन बोर्ड, फल्याक, प्लाइउडआदिको बनाउन सकिन्छ । यसको नमुना निम्नानुसार छ :




प्रदर्शन/सूचना पाटीको प्रयोग गर्ने तरिका प्रदर्शन/सूचना पाटीको प्रभावकारी प्रयोग निम्नानुसार गर्नुपर्दछ :

१. कक्षाकार्यलाई सहयोग पुग्नेगरी सामग्री प्रदर्शन गर्नुपर्दछ ।

२. एउटा मुख्य विचार छनोट गरी बीचमा राख्नु पर्दछ ।

३. सामग्री प्रदर्शन गर्नु अघि त्यसको योजना बनाउनु पर्दछ ।

४. प्रत्येक सामग्रीको उपयुक्त शीर्षक राख्नुपर्दछ ।

५. शीर्षक र सामग्री उपयुक्त आकारको हुनुपर्दछ, जसलाई केही टाढाबाट हेर्न सकियोस् ।

६. शीर्षक सङ्क्षिप्त र स्पस्ट हुनुपर्दछ ।

७. सामग्री सफा हुनुपर्दछ ।

८. लामो समयसम्म एउटै सामग्री राख्नु हुँदैन, नयाँ र उपयोगी सामग्री व्यवस्थित गर्नुपर्दछ

९. विद्यार्थीहरुबाट बुलेटिन बोर्ड व्यावस्थापन समिती बनाउनुपर्दछ ।

१०. प्रदर्शन गरिएको चित्र वा सामग्रीहरुलाई सुरक्षित गर्न फलामे तारको जाली अथवा प्लाष्टिक राख्नुपर्दछ ।

**(ज) टुक्रे अक्षर**

साना कक्षामा शिक्षण गर्दा र अक्षर चिनाउनका लागि टुक्रे अक्षर उपयोगी हुन्छन् । साना कक्षामा विद्यार्थीलाई अक्षर कसरी बन्दछ भनेर देखाउन टुक्रे अक्षर उपयोगी मानिन्छ । टुक्रे अक्षर बनाउँदा बाक्लो कागजमा टुक्र बनाएर अक्षर टुक्रामा लेखेर देखाउनुपर्दछ । जस्तैः 'ग' अक्षर बनाउँदा तीन भागमा 'ग' लेखी त्यसलाई बेग्लाबेग्लै भागमा देखाएर जोडेर अक्षर

बनाउनु पर्दछ । विद्यार्थीलाई पनि यसमा अभ्यास गराउनु पर्दछ । यस्ता अक्षरका टुक्रलाई फलाटिन पाटीमा पहिले शिक्षकले जोडाएर देखाएपछि विद्यार्थीलाई पनि जोड्न लगाएर सिकाउनु पर्दछ ।

(झ) **पत्तीहरू**

भाषा शिक्षणका क्रममा शिक्षण गर्दा शब्दपत्ती, वाक्यपत्ती, अक्षरपत्तीआदिको महत्वपूर्ण स्थान रहन्छ । यी सामग्रीहरु सजिलै बनाउन र प्रयोग गर्न सकिने भएकाले यिनको महत्व बढेको छ । यिनलाई थोरै खर्चमा शिक्षकले तयार गरेर प्रयोग गर्न सक्दछन् । अक्षरपत्ती, शब्दपत्ती र वाक्यपत्तीहरु भाषा शिक्षणमा धेरैजसो प्रयोग भइ राख्ने पत्तीहरु हुन् । बेग्लावेग्लै कागजको बेग्ला बेग्लै टुक्रामा लेखिएका अक्षरलाई अक्षरपत्ती, बेग्लाबेग्लै टुक्रामा लेखिएका शब्दहरुलाई शब्दपत्ती र त्यसै टुक्रामा लेखिएका वाक्यलाई वाक्यपत्ती भनिन्छ । पत्तीहरुलाई गोजीतालिका तथा फलाटिन पाटीमा राखेर देखाउन सकिन्छ । यसप्रकारका पत्तीहरु कक्षाको विद्यार्थी सङख्याका आधारमा सबैले देख्नेगरी आकर्षक र स्पस्ट बुझिने खालको हुनुपर्दछ । तल्ला कक्षादेखी माथिल्ला कक्षासम्म प्राय हरेक विधा शिक्षणमा प्रयोग गर्न सकिने यी सामग्रीहरु नेपाली भाषा शिक्षणका बहुउपयोगी र लोकप्रिय सामग्री हुन् । अक्षर, शब्द र चित्रका लागि ४"X५" नापको पत्ती र वाक्यका लागि ८"X५" को पत्तीहरु प्रयोग गर्न सकिन्छ ।

(ञ) **चित्रहरू**

चित्रहरु भाषा शिक्षणमा धेरै प्रयोगमा आउने सामग्री हुन् । कक्षा शिक्षणलाई आकर्षक र रोचक बनाउन चित्रको प्रयोग गर्न सकिन्छ । चित्रहर प्रसङ्गअनुकूल भाषिक पाठ्यवस्तुको अभ्यास तथा प्रयोग गराउन, भाव तथा विचारलाई  प्रष्ट्याउन, उपयुक्त सन्दर्भहरु सिर्जना गर्न, पाठलाई रोचक बनाउन, शब्द, अर्थ र व्याकरणिक नियमको धारणा बसाल्न, खास वातावरणको कुनै दृश्य वा दृश्यावली प्रस्तुत गरी सिकाइलाई अर्थपूर्ण बनाउन चित्रहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस्ता चित्रहरु स्पस्ट देख्न सकिने, विषयवस्तु अनुकूल, उद्देश्य हासिल गर्न सहायता गर्ने खालको हुनुपर्दछ । चित्रहरु शिक्षक आफैले बनाएर वा विभिन्न पत्रिकाबाट सङ्कलन गरी प्रयोग गर्न सकिन्छ । चित्रहरु बनाउन विद्यार्थीहरुको सहयोग पनि लिन सकिन्छ । पाठ्यपुस्तकका विद्यार्थीहरुको सहयोग पनि लिन सकिन्छ । पाठ्यपुस्तकका पाठ अभ्यासआदिमा पनि चित्र समावेश गरिएका हुन्छन् ।

**(टं) चार्ट/ग्राफ**

दृश्य सामग्रीअन्तर्गत चार्टहरुलाई उपयोगमा ल्याउन सकिन्छ । यसमा तथ्य र स्पस्ट चित्रको समन्वय हुन्छ । यसमा तार्किक पद्दति र क्रमबद्दता हुन्छ । पाठको प्रकृति र प्रसङ्ग अनुसार विभिन्न प्रकारका चार्टहरु निर्माण गरी प्रयोगमा ल्याउँदा कक्षा शिक्षण सरल भई लक्ष्यित उद्देश्यमा सजिलै पुग्न सकिन्छ । राम्रो चार्ट सुन्दर, सरल र आकर्षक हुन्छ । ग्राफ, चार्टहरुको मद्दतले प्रस्तुत गरिएका तथ्याङ्क विद्यार्थीले सहज र रुचिपूर्वक ग्रहण गर्न र तुलना गर्न सक्ने हुन्छन् । यस्ता सामग्रीहरु शिक्षक र विद्यार्थी आफैले निर्माण गर्न वा तयारीका रुपमा उपयुक्त चार्ट देखाउन सक्छन् । ग्राफ वा फलाटिन बोर्डमा प्रदर्शन गर्न अथवा भित्ता वा श्वेतपाटीमा देखाउन पनि सकिन्छ । ग्राफ/चाार्टहरु विद्यार्थीको स्तरअनुरुप र उपयोगी विषयवस्तुमा मात्र तयार गर्नुपर्छ । सहित्य शिक्षण गर्दा साहित्यिक धाराको चार्ट, सहित्यको इतिहास पढाउँदा समय चार्ट, कक्षचार्टआदि बनाउन सकिन्छ ।

**(ठ) तालिका**

पाठमा आधारित प्रमुख बुँदा वा तथ्यलाई छुट्टै कागजमा क्रमबद्ध रुपमा गरिने रेखीय प्रस्तुति नै तालिका हो । व्याकरणका नियम, भाषा, साहित्यका सैद्धान्तिक विशेषता, विकासक्रम, सहित्यकारका प्रवृत्तिआदि कराहरुलाई तालिकाको माध्यमद्वारा प्रभावकारी रुपमा शिक्षण गर्न सकिन्छ । तालिकामा देखाउँदा विभिन्न विषयवस्तु एवम् तथ्यहरु बढी रोचक हुन सक्छन् ।

**(ड) प्रतिमूर्ति**

कुनै ठूलो वस्तुको सानो नमुना नै प्रतिमूर्ति हो । त्यस्तो वस्तु जुन कक्षाभित्र ल्याएर शिक्षणमा उपयोग गर्न सकिँदैन । त्यसको दुरुस्त मूर्ति बनाई काम चलाउन सकिन्छ । अपरिचित वस्तुको धारणा बसाल्नका लागि प्रतिमूर्ति उपयोगी हुन्छन् । भाषा शिक्षणमा खासगरी तल्ला कक्षामा शब्द वर्णनका लागि विभिन्न जनावर एवम् पशुपंक्षीसम्बन्धी, यातायातका साधनसम्बन्धी, विभिन्न हिमाल एवम् मठ, मन्दिरआदिको धारणा बसाल्नका लागि वा पाठ शिक्षण गर्नका लागि प्रतिमूर्तिको उपयोग गरिन्छ । प्रतिमूर्ति सम्बन्धित वस्तुसँग दुरुस्त वा समरुप देखिने हुँदा शिक्षणमा यसको सहयोगबाट प्रभावकारी शिक्षण गर्न सकिन्छ ।

**(ढ) व्यङग्य चित्र**

व्यङ्ग्य चित्रले शिक्षणमा मनोरञ्जन प्रदान गर्नुका साथै कुनैपनि विकृतिप्रति व्यङ्ग्य गरिने चित्रले एकातर्फ विद्यार्थीहरुलाई मनोरञ्जन प्रदान गर्दछ भने अर्कोतर्फ तर्क र कल्पनाको

माध्यमबाट मानसिक क्षमता वृद्धि गराउन मद्दत पुऱ्याउँछ । यस्ता चित्रहरु विशेष गरी कथा र नाटक शिक्षणमा प्रयोग गर्न सकिन्छ ।

**(ण) तस्वीर**

कुनै साहित्यकार, लेखक, बैज्ञानिक, राजनैतिक व्यक्तित्व, कलाकार, अभिनेता, अभिनेत्री, सहिद, खेलाडी, गायक वा चर्चित व्यक्तिको जानकारी गराउन तस्वीरको प्रयोग गर्नुपर्छ । तस्वीरले शिक्षणमा अभिप्रेरणा जगाई शिक्षण प्रभावकारी एवम् रुचिपूर्ण बनाउन मद्दत गर्दछ ।

**(त) चित्रकथा**

भाषा शिक्षणमा चित्रकथाको पनि महत्वपूर्व स्थान रहेको हुन्छ । चित्रकथाले बालबालिकाहरुमा बौद्धिक क्षमताको वृद्धि गराउनुका साथै विषयवस्तु वा घटनाक्रमलाई सिलसिलाबद्ध रुपमा वर्णन गर्ने क्षमताको विकास गराउँछ । चित्रको सहायताबाट बालबालिकाहरुले राम्रो र मिठो कथा/कहानी बनाउन सक्छन् । चित्र वर्णनमा समस्या देखिए शिक्षकले बीच-बीचमा मार्गनिर्देश गर्नुपर्दछ । तल्ला कक्षाहरुमा चित्रकथा वढी उपयागी मानिन्छ ।

**(थ) मानचित्र**

मानचित्रको प्रयोग गरेर त्यस ठाउँको जीवन्त प्रस्तुति दिन सकिन्छ । विशेषगरी भूगोल, इतिहास, संस्कृति, जनसङ्ख्या विषयको शिक्षणमा मानचित्र बढी उपयोगी मानिन्छ । भाषा शिक्षण गर्दा इतिहास, भूगोल, धार्मिक स्थलको बारेमा स्पस्ट पार्न मानचित्र उपयोगी सिद्ध हुन्छ । उदाहरणका लागि पोखरा, सिन्धुलीगढी, गोरखा, लुम्बिनीआदि जस्ता पाठको जानकारी गराउन मानचित्र प्रयोग गर्नु उपयुक्त हुन्छ ।

**(द) पोष्टर**

विज्ञापनको लागि बढी प्रयोग गरिने एकप्रकारको चित्र पोष्टर हो । यसले व्यक्तिको ध्यान केन्द्रित गर्न सहयोग पुऱ्याउँछ । पोष्टरले छिटो सन्देश प्रवाह गर्न सहयोग गर्छ । पोष्टरहरु विभिन्न उद्देश्यले टाँसिन्छन् । भाषा शिक्षणमा कक्षा सजाउन, बोधको अभ्यास गराउन पोष्टरको महत्वपूर्ण भूमिका रहन्छ ।

**(ध) वास्तविक वस्तु**

भाषा शिक्षणका लागि कतिपय वास्तविक वस्तु कक्षा कोठामा ल्याएर विद्यार्थीहरुलाई देखाई त्यस वस्तुको वास्तविक धारणा बसाल्न सकिन्छ । यस्ता वास्तविक वस्तुको माध्यमबाट कक्षा शिक्षणलाई रोचक बनाई प्रभावकारी शिक्षण गर्न सकिन्छ ।

**(न) पाठ्यपुस्तक**

पाठ्यपुस्तक धेरै अगाडिदेखि हालसम्म निरन्तर रुपमा प्रयोग हुँदै आएको सामग्री हो । यो पाठ्य एवम् दृश्य सामग्रीका रुपमा रहेको छ । भाषा पाठ्यपुस्तक हरेक कक्षाका लागि भिन्न-भिन्न तयार पारिएको हुन्छ । नेपाली भाषा शिक्षणमा नयाँ-नयाँ तरिका र सामग्रीहरुको प्रयोग गर्न थालिएपछि पाठ्यपुस्तक मात्र प्रयोग गर्ने परम्परामा अन्य सामग्रीहरुले स्थान लिन थालेको पाइन्छ । भाषा पाठ्यपुस्तकमा विभिन्न विधा, व्याकरण, अभ्यास तथा अन्य अभ्यासहरु समावेश गरिने  हुनाले यसको प्रयोग अनिवार्य र महत्वपूर्ण मानिन्छ ।

**(अ) भाषा पाठ्यपुस्तकमा हुनुपर्ने आवश्यक गुणहरू**

१. विषयगत विविधता २. उद्देश्यमूलकता ३.उपयुक्तता ४.रोचकता ५.उपयोगी ६. व्यायवहारिक ७. स्तरअनुरुप   ८. शुद्धता ९. सरल १०. सार्थक ११.भाषिक सिप वर्द्धक १२. मौलिक १३. शैलीगत विविधता १४.आकर्षक   १५.आदर्शोन्मुख १६. क्रमबद्धता

**(प) कक्षा पुस्तकालय**

कक्षा पुस्तकालयले पनि भाषा शिक्षणको क्षेत्रमा सहयोगी सामग्रीको रुपमा भूमिका निर्वाह गर्दछ । विद्यार्थीहरुलाई कक्षा समयको अतिरिक्त खाली घण्टीमा पुस्तकालयमा लगी उनीहरुको इच्छाअनुसारका पुस्तक तथा पत्रपत्रिका अध्ययन गर्ने अवसर प्रदान गर्न सकिन्छ । पाठ्यपुस्तकलाई सहयोग पुग्ने र अतिरिक्त ज्ञान प्राप्त गर्ने भरपर्दो माध्यम पुस्तकालय बन्न सक्छ । विद्यार्थीको पठन क्षमता विकासमा महत्वपूर्ण भूमिका कक्षा पुस्तकालयले निर्वाह गर्दछ । कक्षा पुस्तकालयबाट विद्यार्थी एवम् शिक्षकहरुलाई लाभ पुग्दछ ।

**(फ) नक्सा/ग्लोब**

नक्सा र ग्लोवको प्रयोग विशेषगरी भूगोल शिक्षणमा बढी उपयोगी हुन्छ । भाषा शिक्षणमा पनि ऐतिहासिक र भौगोलिक स्थलको वर्णन गर्न नक्सा र ग्लोवको उपयोग गर्न सकिन्छ ।

**(ब) शब्दकोश**

शब्दकोश पनि एक दृश्य वा पाठ्य सामग्री हो । यसको प्रयोग विशेषगरी मा.वि., उ.मा.वि. र क्याम्पसमा गरिन्छ । शब्दकोशको प्रयोगले विद्यार्थीहरुलाई शब्दको अर्थ बुझ्न, शब्द निर्माण प्रक्रिया थाहा पाउन, पदवर्ग ठम्याउन, पर्यायवाची शब्द थाहा पाउन सहयोग पुग्दछ ।

**(भ) शिक्षक निर्देशिका, पाठ्यक्रम र पाठ्यक्रम विस्तृतीकरण पुस्तिका**

शिक्षक निर्देशिका, पाठ्यक्रम र पाठ्यक्रम विस्तृतीकरण पुस्तिकाबाट शिक्षकलाई शैक्षणिक उद्देश्य, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियकलाप र विद्यार्थीको उपपलब्धि मूल्याङ्कन गर्न सहयोग पुऱ्याउँछ । शिक्षण सिकाइलाई उपलब्धिमूलक बनाउन सहयोग पुऱ्याउँछ ।

## २.६.३ श्रव्य सामग्री

सुन्ने, सुनाउने र सुनाइको माध्यमबाट शिक्षण गर्ने सामग्रीहरु नै श्रव्य सामग्री हुन् । यस्ता सामग्रीहरु कुनै स्रोत वा साधनबाट रेकर्ट गरिएका वा कार्यक्रमको रुपमा विकसित गरिएका हुन्छन् । रेडियो, टेपरेकर्डर, ग्रामोफोन, टेलिफोनजस्ता सामग्री श्रव्य वर्गमा पर्दछन् । यस्ता सामग्रीमार्फत् विद्यार्थीले आवाज सुन्न सक्छन् तर दृश्य देख्न सक्दैनन् । यस्ता सामग्री आफैले रेकर्ड गरेर वा तयार गरिएको कार्यक्रम खरिद गरेर वा प्रसारण संस्थाहरुको प्रसारण प्रत्यक्ष सुनाएर प्रयोग गर्न सकिन्छ । वर्तमान वैज्ञानिक तथा प्राविधिक विश्वमा रेडियो, टेपरेकर्डर, ग्रामोफोआदिको प्रयोग गरी शिक्षक तालिम, विषयगत शिक्षण तथा भाषिक सीप विकास तालिम आदि प्रदान गरिन्छ ।

### २.६.३.१ रेडियो

रेडियो श्रव्य सामग्रीको आधुनिक विधुतीय उपकरण हो । भाषा शिक्षणका लागि रेडियो अत्यन्त महत्वपूर्ण सामग्रीका रुपमा रहेको हुन्छ । रेडियोमा प्रयोग गरिने भाषा शुद्ध हुने भएकाले बालबालिकामा रेडियोबाट सुनेका भाषाहरु शुद्ध मानी प्रयोग गर्ने सीपको विकास हुन्छ । अपाङ्ग तथा अन्य विविध कारणले विद्यालय जान नसक्नेहरुका लागि रेडियो उपयोगी साधन हो भने विद्यालयमा पनि भाषा शिक्षणको क्रममा यसको उपयोग गर्न सकिन्छ । रेडियोबाट भएका विज्ञान तथा प्रविधिको विकासले गरेका उपलब्धिहरु आविष्कार भएका नयाँ-नयाँ कुराको प्रसारणले विद्यार्थीले आफ्नो बौद्धिक विकास एवम् शब्दभण्डारमा वृद्धि गर्न सक्छन् । भाषा शिक्षणका सन्दर्भमा सुनाइ र बोलाइ सीपको विकासका लागि रेडियो एक प्रभावकारी माध्यम बन्नसक्छ । रेडियोबाट सुगम तथा दुर्गम सवै ठाउँमा एकै समयमा

धेरै विद्यार्थीलाई शिक्षा दिन सकिन्छ । रेडियोबाट कतिपय तालिम अप्राप्त शिक्षकहरुलाई तालिम दिने काम नेपालमा विगतदेखि हालसम्म भइरहेको देखिन्छ ।

#### २.६.३.२ टेपरेकर्डर

टेपरेकर्डर महत्वपूर्ण श्रव्य सामग्री हो । विभिन्न प्रकारका श्रव्य सामग्रीलाई रेकर्ड गरी आवश्यकताअनुसार विद्यार्थी अघि उही रूपमा प्रस्तुत गर्न यसको प्रयोग गरिन्छ । यसको माध्यमबाट रोचक ढङ्गमा श्रुतिबोध, वक्तृता, सस्वर वाचन, उच्चारण, श्रुति लेखनजस्ता पाठ्यवस्तुको शिक्षण गर्न सकिन्छ । यसलाई आवश्यक समयमा खोल्न र बन्द गर्न सकिने, दोहोऱ्याएर सुन्न, काम सकिएपछि मेटेर अन्य सामग्रीलाई रेकर्ड गर्न सकिने हुनाले यो निकै उपयोगी साधन मानिन्छ । साथै एक स्थानबाट अर्को स्थानमा लगेर प्रयोग गर्न सकिने सहज रुपमा लैजान र ल्याउन सकिने सबै स्थानमा उपयोगमा ल्याउन सकिने तथा कम खर्चिलो हुनु यसका विशेषता हुन् । शिक्षकले आफैले पढाउने पाठको रेकर्ड गरी कक्षामा प्रस्तुत गर्न, महान् व्यक्तिको आवाज लामो समयसम्म सुरक्षित राख्न र कविताको लयबोध शिक्षणका लागि उपयोग गर्न टेपरेकर्डर प्रयोग गरिन्छ ।

#### २.६.३.३ ग्रामोफोन

ग्रामोफोन पनि भाषा शिक्षणमा उपयोगी शैक्षिक सामग्रीका रुपमा प्रयोग गर्न सकिन्छ । ग्रामोफोनका सहायताले कविता, एकाङ्की, सम्बाद, उच्चारण सस्वर वाचन, बोलाइका विभिन्न शैलीआदिको अभ्यास गराउन सकिन्छ । यो स्थायी रेकर्ड हो र बनिबनाउ बजारबाट किनेर उपयोग गर्नुपर्दछ । यो भाषा शिक्षणका लागि उपयोगी शैक्षिक सामग्री भएपनि नेपाली भाषा शिक्षणका लागि भने यस्ता सामग्रीहरु बजारमा आइसकेका छैनन् ।

#### २.६.३.४ टेलिफोन

टेलिफोनलाई पनि शैक्षिक सामग्रीको रुपमा प्रयोग गर्न सकिन्छ । अन्य सामग्री जस्तो यसलाई कक्षामा लगेर शिक्षण गर्न त्यति प्रभावकारी नदेखिए पनि आवश्यक परेको बेलामा खासखास कुराहरु सोधेर बौद्धिक ज्ञान लिन सकिन्छ । नेपाली भाषा शिक्षणमा उच्चारण अभ्यास गराउनु श्रुतिबोध अभ्यास गराउनआदि विभिन्न उद्देश्यहरुका लागि टेलिफोन पनि उपयोग गर्न सकिन्छ । (शर्मा र पौडेल, २०५०:२०८)

### २.६.४ श्रव्यदृश्य सामग्री

भाषा शिक्षणका सन्दर्भमा एकसाथ सुन्न र हेर्न सकिने सहायक सामग्रीहरु नै श्रव्यदृश्य सामग्री हुन् । यस्ता सामग्रीहरु चित्र र ध्वनियुक्त हुन्छन् । मानिसले सुनेर आवश्यक मात्रामा

सिक्ने गर्दछ । सिकारुका कान र आँखाजस्ता ज्ञानेन्द्रियहरुलाई सक्रिय बनाइ, सिकाइ अर्थपूर्ण र प्रभावकारी बनाउन श्रव्इदृश्य सामग्री महत्वपूर्ण हुन्छ । विषयवस्तुलाई सजीव रुपमा प्रस्तुत गर्न शब्दमात्र पर्याप्त हुँदैन । यसका लागि प्रत्यक्ष दृश्य पनि चाहिन्छ । श्रव्यदृश्य सामग्रीले सुन्ने र हेर्ने दुवै अवसर दिन्छन् । कुनैपनि शिक्षण सिकाइ क्रियाकलापमा सुन्ने र हेर्ने दुवै अवसर पाउँदा सिकारुले एउटै विषयवस्तुलाई दुई तरिकाबाट स्मरण गर्न सक्दछ । यस्ता सामग्रीको प्रयोग गर्न सकिएमा मनोरञ्जनपूर्ण वातावरणले विद्यार्थीको ध्यानाकर्षण गरी सिकाइलाई सरल र सहज बनाउन सहयोग मिल्दछ । यसमा दुई वा दुईभन्दा बढी इन्द्रियहरुले समन्वयात्मक काम गर्नुपर्ने भएकाले समन्वयात्मक सिकाइ प्राप्त हुन्छ । समय, साधन, स्रोत र सुविधाअनुसार यसको छनोट र प्रयोग गरिनुपर्दछ ।

## २.६.४.१ केही श्रव्यदृश्य सामग्रीहरू

(अ) **चलचित्र**

चलचित्र एक सशक्त मनोरञ्जनपूर्ण श्रव्यदृश्य सामग्री हो । यसलाई भाषा शिक्षण सिकाइमा पनि उपयोग गर्न सकिन्छ । चलचित्र विद्यार्थीको भाषिक सीप अभिवृद्धिका लागि सहयोगी हुने खालको हुनुपर्दछ । नेपालको वर्तमान परिप्रेक्ष्यमा विभिन्न विषयमा चलचित्रको निर्माण भएपनि शिक्षणीय प्रयोजनले हालसम्म नेपाली भाषामा चलचित्रको निर्माण भएको पाँइदैन । भाषा शिक्षणको क्षेत्रमा एक सफल शैक्षिक सामग्रीको रुपमा चलचित्र प्रदर्शन गर्नेबारे पाठ्यक्रममा पनि उल्लेख हुनुपर्दछ । विद्यार्थीको तह वा स्तरअनुसार उनीहरुको भाषिक सीपको अभिवृद्धि हुनेगरी चलचित्रको निर्माण गर्नुपर्दछ । पाठ्यक्रमा राखिएको कुनै खास कृति वा विषयवस्तुसँग मिल्ने चलचित्र प्रदर्शन भइरहेको भए चलचित्रमा विद्यार्थीलाई लैजानु अगाडि त्यसमा निहीत विषयवस्तुको बारेमा पहिले नै प्रश्नहरु दिने र चलचित्र प्रदर्शनको क्रममा त्यसको उत्तर खोज्न लगाउनु राम्रो हुन्छ । चलचित्रबाट विद्यार्थीहरुमा सुनाइ, भाषिक र भाषिकेत्तर बोलाइ, लेखाइ सीपहरु र वाचन कला, अभिनय कला जस्ता कुराको विकास गराउन सकिन्छ ।

(आ) **टेलिभिजन**

भाषा शिक्षण गर्दा टेलिभिजनलाई पनि एक महत्वपूर्ण श्रव्यदृश्य सामग्रीको रुपमा उपायेग गर्न सकिन्छ । टेलिभिजनको माध्यबाट शिक्षण गर्दा एकसाथ देख्न र सुन्न सकिन्छ । एकसाथ देखे, सुनेका कुराहरु दीर्घकालीन हुने गर्दछन् । यसको प्रयोगले विद्यार्थीको ध्यानाकर्षण हुने, सिकाइ रुचिपूर्ण एवम प्रभावकारी हुन्छ । चलचित्रका अन्यका तुलनामा

मध्यम वर्गीय परिवारले पनि उपयोग गर्न सकिने साधन हो । प्रत्यक्ष रुपमा हेर्न तथा सुन्न सकिने हुनाले यसको सहायताबाट विद्यार्थीहरु उच्चारण, हाउभाउ, बोध तथा अभिव्यक्ति, वाक्यागठनआदि क्षमताको विकास गर्न सक्दछन् । टेलिभिजन एक महत्वपूर्ण मनोरञ्जनको सामग्री भएकाले विद्यार्थीहरुमा थाहै नपाई रोचक ढङ्गले भाषिक सीप, बौद्धिक ज्ञान एवम् शब्दभण्डारमा वृद्धि भइरहेको हुन्छ ।

**(इ) भि.सि.डि, डि.भि.डि र भिडियो डेक**

केही वर्ष अधिसम्म पनि शिक्षकको नियन्त्रणमा रहने सबभन्दा महत्वपूर्ण श्रव्यदृश्य सामग्रीको रुपमा भिडियो डेकलाई लिइन्थ्यो । तर वर्तमान समयमा विज्ञान र प्रविधिको बढ्दो उन्नतिले ल्याएको परिवर्तनसँगै यसको ठाउँ भि.सि.डि. र डि.भि.डि. ले लिन थालेको छ ।

कम्प्युटरमार्फत् सानो हल्का र स्थानान्तरणीय डिस्कमा भरिएका सामग्रीलाई भि.सि.डि. र डि.भि.डि.मार्फत् प्रस्तुत गर्ने गरिन्छ । यी सामग्रीहरु सस्ता र भरपर्दो हुनाका साथै प्रयोग गर्न सजिला पनि हुन्छन् । यसरी यी सामग्रीहरु सुनाइ बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सीपका निम्ति उपयोगी हुन्छन् ।

**(ई) कम्प्युटर**

शिक्षण कार्यमा प्रयोग गर्न सकिने सामग्रीहरुमा कम्प्युटर सबैभन्दा प्रभावकारी साधन हो । यसबाट भाषा, साहित्य, समाजशास्त्र, मनोविज्ञान, दर्शनशास्त्र, गणित, विज्ञान, प्रविधि लगायत संसारमा सिकाइने जुनसुकै क्षेत्रका वारेमा जानकारी वा ज्ञान सिकाउन सकिन्छ । भाषा कक्षामा कम्प्युटर महत्वपूर्ण सामग्री मानिनुका कारणहरु निम्नानुसार छन् :

1. यसमा सबै प्रकारको शिक्षण सामग्री निर्माण गर्न सकिन्छ ।
2. ती सामग्रीलाई सुरक्षित रुपमा स्टोर गर्न सकिन्छ ।
3. ती सामग्रीहरुलाई चाहेको जुनसुकै बखत पनि प्रयोगमा ल्याउन सकिन्छ ।
4. आवश्यकताअनुसार सानो-ठूलो आकारमा पनि प्रयोग गर्न सकिन्छ ।
5. यसबाट श्रव्यदृश्य दुबै सामग्रीहरु प्रयोग गर्न सकिन्छ ।
6. कम्प्युटरबाट एनिमेटेड भिडियो, कार्टुनआदिको माध्यमबाट पनि शिक्षण गर्न सकिन्छ
7. इमेल, इन्टरनेटमार्फत् संसारमा पाइने भन्दै सम्पूर्ण कुराहरुलाई श्रव्य र दृश्य रुपमा प्रस्तुत गर्न सकिन्छ (डा. आचार्य र गौतम, २०६५:९४) ।

(उ) **भाषा प्रयोगशाला**

भाषा प्रयोगशाला भनेको भाषाको कक्षाभन्दा भिन्नै विशेषता भएको विशेष कक्षा हो । यस कक्षामा प्रत्येक विद्यार्थीका निम्ति अलग-अलग सिटको व्यवस्था गरिएको हुन्छ । प्रत्येक सिटमा बस्ने विद्यार्थीलाई लेखपढमा अवरोध नहोस् भनेर प्रत्येक सिटको दुबैपट्टि काठले बारेको हुन्छ । लेखपढ गर्दा कुनै पनि विद्यार्थीले एक अर्कोलाई देख्न सक्दैन । भाषा प्रयोगशालाको प्रत्येक सिटमा अलग-अलग विद्यार्थीको निम्ति अलग-अलग टेपरेकर्डर र शीर्षध्वनि नियन्त्रणको व्यवस्था गरिएको हुन्छ । कक्षा सञ्चालन गर्ने शिक्षकको सिट अगाडि प्रयोगशाला कक्षामा रहेका प्रत्येक विद्यार्थीको सिटमा जडित माइक्रोफोन र टेपरेकर्डरको बोर्ड रहन्छ । यसैको सहयोगबाट शिक्षकले आवश्यक निर्देशन दिने र विद्यार्थीलाई प्रश्नहरु सोध्ने गर्दछन् । विद्यार्थीले  आवश्यकतानुसार जानकारी लिने वा प्रश्न सोध्ने गर्दछन् । यसरी भाषा प्रयोगशाला भाषा शिक्षणलाई वढी प्रभावकारी, रोचक र अर्थपूर्ण बनाउनका लागि विकसित गरिएको अवधारणा हो । (आचार्य र गौतम, २०६५:२०८)

(ऊ) **शिक्षक**

शिक्षक स्वयम् पनि एक महत्वपूर्ण श्रव्यदृश्य सामग्री हो । कक्षामा सदासर्वदा उपलब्ध सवैभन्दा प्रभावशाली सामग्री शिक्षक हो । शिक्षकले भाषा शिक्षणका क्रममा हाउभाउ उच्चारण, लय, आघात आदिले भाषिक सीप सिकाइ प्रक्रियामा दृश्य श्रव्यात्मक उत्प्रेरकको भूमिका निर्वाह गरेका हुन्छन् । नेपाली भाषामा रहेका अनुकरणात्मक शब्द, उखान, क्रियापद आदि शब्दको उच्चारणका साथै हाउभाउसहित क्रियाकलापको माध्यमबाट विद्यार्थीहरुलाई बुझाउने, सिकाउने र अभिनयमार्फत् विद्यार्थीहरुलाई रोचक तरिकाले शिक्षण गर्ने भएकाले शिक्षकलाई जीवन्त श्रव्यदृश्य सामग्री मानिन्छ ।

## २.६.५ स्पर्श सामग्री

भाषा शिक्षणको क्रममा त्यस्तो अवस्था पनि आउन सक्दछ, जहाँ मौखिक, श्रव्य, दृश्य, कुनैपनि सामग्रीको प्रयोगले शिक्षण गर्न खोजिएको कुरा वा अनुभव गराउन खोजिएको धारणाहरुलाई स्पस्ट गर्न सकिँदैन । यस्तो अवस्थामा वास्तविक वस्तुको स्पर्श गरी धारणालाई स्पष्ट गर्न सकिन्छ । त्यस्ता सामग्री नै स्पर्श सामग्री हुन् । नरम, कडा, गिलो, साह्रो तातो, चिसो, चिल्लो, खस्रो अमिलो, नुनिलो, तितो, पिरो जस्ता धारणा स्पस्ट पार्न स्पर्श सामग्रीको प्रयोग गर्नु आवश्यक छ । खासगरी प्रारम्भिक तहका विद्यार्थीहरुका निम्ति

यस्ता  सामग्रीहरु उपयोगी हुन्छन् । उच्च कक्षामा भने यस्ता सामग्रीको खासै महत्व रहँदैन ।

### २.६.६ शैक्षिक सामग्री निर्माणका लागि स्थानीय सामग्रीको प्रयोग

शैक्षिक सामग्री जुटाउन ठुलो धनराशी नै खर्च गर्नुपर्ने र बाहिरबाट झिकाउनुपर्छ भन्ने छैन । यसका लागि स्थानीय क्षेत्रमा उपलब्ध सामग्रीहरु सस्तो मूल्यमा वा निःशुल्क रुपमा प्राप्त गर्न सकिन्छ । नेपालका ग्रामीण विद्यालयहरुमा महङ्गा सामग्रीको पहुँच भन्दा बाहिर रहेको स्थितिमा स्थानीय सामग्रीबाट शिक्षण सिकाइ कार्य सञ्चालनलाई प्राथमिकता दिनु अनिवार्य छ । यस्ता स्थानीय रुपमा सङ्कलित र निर्मित सामग्रीको प्रयोगले वातावरण अनुकूलको सिकाइलाई प्रोत्साहन गर्दछ । त्यसैगरी सामग्री निर्माण र प्रयोगले शिक्षकलाई व्यावहारिक रुपमा शिक्षण गर्ने र शिक्षणलाई बढी व्यावहारिक बनाउन सहयोग प्राप्त हुन्छ । स्थानीय स्तरबाट शैक्षिक सामग्री सङ्कलन, निर्माण र प्रयोग गर्नाले हुने मुख्य फइदाहरु निम्नानुसार छन् :

1. कम खर्च वा लागतमा सामग्री निर्माण गर्न सकिने,
2. विद्यार्थी र शिक्षक दुवैमा सिर्जनात्मकताको विकास हुने,
3. सिकाइ व्यावहारिक हुने,
4. सिकाइप्रति रुचि जागृत हुने,
5. शिक्षण सिकाइमा विद्यार्थी र शिक्षक दुबैको सहभागिता कायम गराउन सकिने (पौडेल, २०६०:१२७) ।

### २.६.७ सारांश

शिक्षण सिकाइलाई रोचक, प्रभावकारी, दिगे र उद्देशयमूलक बनाउने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । मौखिक, दृश्य, श्रव्य, श्रव्यदृश्य र स्पर्श सामग्री गरी शैक्षिक सामग्रीलाई पाँच भागमा विभाजन गर्न सकिन्छ । यी शैक्षिक सामग्रीहरुको भाषा शिक्षणमा र अन्य विषयको शिक्षणमा महत्वपूर्ण भूमिका रहन्छ । यी सामग्रीको प्रयोगबाट सिकाइ सरल, सहज, रुचिपूर्ण, प्रभावकारी र दिगो हुन्छ । वर्तमान समयमा विद्यार्थीहरुमा भाषिक सीप एवम् क्षमताको अभिवृद्धि गर्न र निर्दिष्ट उद्देश्य प्प्तिमा यी सामग्रीहरुको विशेष भूमिका रहन्छ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

कुनैपनि शोध अध्ययनका लागि आफ्नै प्रकारका अध्ययन विधि र प्रक्रियाहरुको अवलम्बन गरिन्छ । प्रस्तुत शोधको प्रकृति मूलतः सर्वेक्षण र अंशतः पुस्तकालयीय अध्ययनमा आधारित

## ३.१ अध्ययनका स्रोतहरू

प्रस्तुत अध्ययनका लागि आवश्यक सूचना तथा तथ्याङ्कका लागि प्राथमिक र द्वितीय स्रोतलाई उपयोगमा ल्याइएको छ ।

### (अ) प्राथमिक स्रोत

यसअन्तर्गत प्रश्नावली, अन्तर्वार्ता, अवलोकन र प्रत्यक्ष सम्पर्कक माध्यमबाट प्राप्त शिक्षकहरुका दृष्टिकोण तथा अनुभवहरु र शोध निर्देशकका सुझावहरु रहेका छन् ।

### (आ) द्वितीय स्रोत

द्वितीय स्रोतअन्तर्गत पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका र प्रकाशित तथा अप्रकाशित शोध प्रबन्धहरु, लधु अध्ययन प्रतिवेन रहेका छन् ।

## ३.३ अध्ययनको क्षेत्र, जनसङ्ख्या र नमुना छनोट

यस अध्ययनको क्षेत्रमा सिन्धुली जिल्लाका १० ओटा सामुदायिक विद्यालय, जनसङ्ख्याका रुपमा उल्लिखित विद्यालयमा नेपाली भाषा शिक्षष गर्ने शिक्षकहरु र नमुना छनोटका रूपमा तिनै विद्यालयका १० जना नेपाली भाषा शिक्षक र १० जना प्रधानाध्यापकलाई नमुनाका रूपमा लिइएको छ ।

## ३.४ सामग्री निर्माण र तथ्याङ्क सङ्कलन

प्रस्तुत अध्ययनको आवश्यक सूचना प्राप्तिका लागि ३ किसिमका फारमहरुको निर्माण गरी पहिलो प्रश्नावली फारम निर्माण गरेर माध्यमिक तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरुलाई भर्न लगाइयो । जसमा ७ ओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरु समावेश गरिएको थियो । त्यस्तै दोस्रो कक्षा अवलोकन फारम निर्माण गरी नेपाली भाषा शिक्षकहरुको प्रत्यक्ष कक्षा अवलोकन गरी अवलोकन फारम भरियो । अवलोकन फारममा भएका बुँदाहरुलाई अति उत्तम, उत्तम, मध्यम र निम्न गरी चार श्रेणीमा मापन गरिएको छ । त्यसैगरी तेस्रो फाराम उक्त विद्यालयका प्रधानाध्यापकहरुले लिखित रूपमा भर्ने, अन्तर्वार्ता फारम निर्माण गरी १० जना प्रधानाध्यापकहरुलाई भर्न लगाइयो । जसमा १६

ओटा प्रश्नहरु समावेश गरिएका छन् । जसमध्ये ६ ओटा वस्तुगत र १० ओटा विषयगत प्रश्नहरु राखिएका छन् ।

### ३.५ व्याख्या तथा विश्लेषण

शिक्षकहरुबाट भरिएका प्रश्नावली फारमबाट प्राप्त सूचनाहरुलाई विभिन्न पक्ष/विधाहरुमा विभाजन गरी साङ्ख्यिकीय आधारमा व्याख्या विश्लेषण गरिएकोछ । शिक्षणीय कथा विधामा शैक्षिक सामग्री प्रयोगका सम्बन्धमा अध्ययन गर्दा प्राप्त भएका तथ्यहरुमध्ये शोधकार्यमा प्रत्यक्ष सहयोग पुग्ने सूचनाहरुलाई मात्र उपयुक्त अंश मानेर व्याख्या तथा विश्लेषण गरिएको छ । शोध सामग्रीबाट प्राप्त तथ्यहरुलाई व्याख्या विश्लेषण गर्नका लागि तिनीहरुलाई उपयुक्त शीर्षक दिई तालिकामा आवद्ध गरियो । त्यसैगरी प्रश्नावली, अन्तर्वार्ता र कक्षा अवलोकनबाट प्राप्त तथ्यहरुको सङ्ख्या उल्लेख गरी उक्त सङ्ख्याबाट प्रतिशत निकाल्नुका साथै प्रश्नावलीबाट प्राप्त तथ्यहरु र कक्षा अवलोकनबाट प्राप्त तथ्यहरुको सङ्ख्या एवम् प्रतिशतका आधारमा तुलना तथा व्याख्या विश्लेषण गरिएको छ । यसरी साङ्ख्यिकीय व्याख्या तथा विश्लेषण गर्दा प्रतिशत र औसतलाई प्रयोग गरिएको छ ।

# अध्याय चार

# व्याख्या तथा विश्लेषण

प्रस्तुत अध्यायमा परिशिष्टमा उल्लिखित विद्यालयहरूमा माध्यमिक तहको कक्षा दशको नेपाली कथा शिक्षणमा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययनअन्तर्गत विद्यालयगत आधारमा शैक्षिक सामग्रीको प्रयोगको स्थितिवारे अध्ययन, व्याख्या र विश्लेषण गरिएको छ । अध्ययनका क्रममा विद्यालयको वर्तमान अवस्था ( भौतिक, आर्थिक, विद्यार्थी, फर्निचर, शिक्षक विवरण ), शिक्षकहरूको शैक्षिक स्थिति, प्रधानाध्यापकहरूको विवरण, शैक्षिक सामग्रीको अवस्था, दैनिक प्रयोगका सामग्रीको अवस्था, कथा शिक्षणमा शैक्षिक सामग्री प्रयोगको स्थिति, प्रश्नावली र कक्षा अवलोकनका आधारमा त्यसको अध्ययन विश्लेषण, समस्यासँगै समाधानका उपायहरू तथा अध्याय चारको अध्ययन विश्लेषणको सारांश प्रस्तुत गरिएको छ ।

## ४.१ विद्यालयमा शैक्षिक सामग्री प्रयोगको वर्तमान स्थिति

नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोगको वर्तमान स्थिति विषयको शोध कार्यका लागि सिन्धुली जिल्लाका परिशिष्ट 'ङ' मा उल्लिखित १० ओटा सामुदायिक विद्यालयहरूलाई छनोट गरिएको छ । शोध प्रयोजनका लागि छनोट गरिएका विद्यालयहरूको नाम विवरण परिशिष्ट 'ङ' मा उल्लेख गरिएको छ ।

उपर्युक्त विद्यालयहरुमा गई त्यहाँका माध्यमिक तह कक्षा १० मा अध्यापन गर्ने नेपाली भाषाका शिक्षकहरुसँग प्रश्नावलीमार्फत् भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगसम्बन्धी जानकारी लिनुका साथै सोधपुछ, छलफल र कथा विधा शिक्षणमा कक्षा अवलोकन समेत गरियो । यस क्रममा उल्लेखित विद्यालयहरुमा अध्यापन गर्ने प्रधानाध्यापक तथा अन्य शिक्षकहरु दक्ष र तालिम प्राप्त रहेका साथै सहयोगी भावना रहेका हुनाले तथ्याङ्क सङ्कलन गर्न कुनै पनि कठिनाइ नभएको महसुस गरियो । शिक्षकहरुले भरेका प्रश्नावली र अवलोकन फारम प्रयोग गरी प्राप्त गरिएको तथ्याङ्कलाई तालिकीकरण गरी प्रस्तुत गरिएको छ । तथ्याङ्क सङ्कलन गर्दा उपर्युक्त १० ओटा सामुदायिक विद्यालयका माध्यमिक तह नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरुलाई भराइएको प्रश्नावली विद्यालयमा गएको समयमा अफिस कोठा तथा पुस्तकालय एवम् शैक्षिक सामग्री कक्ष, विद्यार्थी हाजिरी फारम, फर्निचर, कक्षाकोठा व्यवस्थापन आदि समेतको उपयोग गरी पठनपाठनमा सुधार ल्याउन विद्यालय व्यवस्थापन

समिति, विद्यालय प्रशासन पक्षले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । विद्यालयको व्यवस्थापन र प्रशासन सवल भएमा मात्र शिक्षण कार्यमा सुधार आउँछ । विद्यालयको आर्थिक तथा भौतिक अवस्था, तालिम प्राप्त शिक्षक, विद्यार्थी सङ्ख्याको आधारमा शिक्षकको व्यवस्था, उपयुक्त खालको कक्षाकोठा, विद्यार्थीको लागि पर्याप्त डेस्क बेन्चको व्यवस्था तथा अध्यापन कार्यमा खटिने शिक्षकको योग्यता, दक्षतामा भर पर्ने भएकाले ती पक्षको सामान्य चर्चा गर्ने प्रयास गरिएको छ ।

## ४.२ नमुना विद्यालयहरूको वर्तमान अवस्था

विद्यालयको पठन पाठन वा विद्यार्थीको शिक्षण सिकाइमा विद्यालयको भौतिक अवस्थाले ठूलो प्रभाव पारेको हुन्छ । भौतिक अवस्था सुदृढ नभएसम्म शिक्षण सिकाइ क्रियाकलापले पूर्णता पाउन सक्दैन । यसका लागि कक्षाकोठाको आकार उपयुक्त हुनुपर्ने, कालोपाटी उपयुक्त स्थानमा राखिएको हुनुपर्ने, विद्यार्थीको उमेर र कक्षाअनुसारका डेस्क बेन्चको पर्याप्त मात्रामा व्यवस्था हुनुपर्ने । शैक्षिक सामग्री प्रयोग अनुकुल कक्षाकोठा हुनुपर्ने, सामग्री प्रयोगपछि उपयुक्त राख्ने ठाउको व्यवस्था हुनुपर्ने आदि पक्षहरुले महत्व राख्दछन् । यदि यी कुराहरुको उचित व्यवस्थापन भएन भने सिकाइ वातावरण राम्रो हुन सक्दैन । सिकाइलाई सरल, सहज, प्रभावकारी र उद्देश्यमूलक बनाइ उत्कृष्ट नतिजा प्राप्त गर्न, विद्यार्थीको सिकाइ उपलब्धि बढाउन विद्यालयको भौतिक र आर्थिक अवस्था सबल हुनुपर्दछ । भौतिक अवस्था र आर्थिक अवस्थाको चर्चा तल गरिएको छ ।

### ४.२.१ भौतिक अवस्था

प्रस्तुत अध्ययनमा शोध कार्यका लागि छनोट गरिएका १० ओटा सामुदायिक विद्यालयमा देखिएका भौतिक अवस्थाको विवरणलाई आधार बनाई व्याख्या तथा विश्लेषण गरिएको छ । शोधकार्यको लागि छनोट भएका सबै विद्यालय सामुदायिक विद्यालय भएका र ती विद्यालय मध्ये कक्षा १० मा विद्यार्थी सङ्ख्या ६७ भएको उ.मा.वि. लाम्पान बतासेमा विद्यालयको अत्याधुनिक भवन ठूला, फराकिला कक्षकोठा, पर्याप्त फर्निचर सबै कक्षाहरुमा मार्कर बोर्डको प्रयोग भएको पाइयो । त्यसैगरी श्री बेङ्कटेश्वर उ.मा.वि. बाहुनतिल्पुङ्गमा कक्षा १० मा ५२ जना विद्यार्थी भएको पाइयो भने अत्याधुनिक चारतले भवन, ठूला, फराकिला कक्षा कोठा, पर्याप्त फर्निचर, मार्कर बोर्डको प्रयोग भएको पाइयो । श्री हिराथूम्की मा.वि. तोश्रामखोलामा  कक्षा १० मा जम्मा ४४ जना विद्यार्थी पाइयो भने त्यहाँको पुराना भौतिक

संरचना २०७२ वैशाख १२ र २९ गते आएको भुकम्पमा सबै ध्वस्त भएकाले अस्थायी टहरा र टिनको छानो र बासको टाटीको बेरा लगाएर कक्षा सञ्चालन गरेको पाइयो ।

त्यसै गरी कक्षा १० मा ५१ जना विद्यार्थी भएको श्री जनप्रेमी उ.मा.वि. स्याङ्तीमा तिनतले आधुनिक पक्की भवन, केही कक्षालाई टिनको छानो भएको भवन भएको पाइयो भने पर्याप्त फर्निचरको व्यवस्था रहेको पाइयो । मा.वि. महभीरको कक्षा १० मा जम्मा विद्यार्थी सङ्ख्या ३३ रहेको विद्यालयमा अर्धपक्की र कच्ची भवनको प्रयोग भएको, विद्यार्थी सङ्ख्याका आधारमा फर्निचरको पऱ्याप्त व्यवस्था भएको र सबै कक्षामा चकबोर्डको प्रयोग भएको पाइयो । कक्षा १० मा २९ जना विद्यार्थी भएको श्री मा.वि. बाङरिङ् फेदीमा अत्याधुनिक पक्की भवन, ठूला र फराकिला कोठा, चकबोर्डको प्रयोग, पर्याप्त फर्निचरको व्यवस्था भएको पाइयो ।

त्यसैगरी ६४ जना विद्यार्थी सङ्ख्या रहेको कक्षा १० भएको श्री त्रीभुवन उ.मा.वि. आम्बोटेमा अत्याधुनिक भवन, अर्धपक्की भवन, ठूला र फराकिला कक्षकोठा र पर्याप्त फर्निचरको व्यवस्था भएको पाइयो । कक्षा १० मा ३६ जना विद्यार्थी भएको श्री प्रकाशोदय मा.वि. खुरहरीमा टीनको छाना भएको अर्धपक्की तथा कच्ची भवनको प्रयोग भएको र पर्याप्त फर्निचरको व्यवस्था भएको पाइयो । मा.वि. तहको कक्षा १० मा शोध अध्ययनका लागि नमुना छनौटमा परेकामध्ये सबैभन्दा बढी विद्यार्थी सङ्ख्या ७१ जना भएको श्री रत्नावती उ.मा.वि. सालुकेमा अर्धपक्की तथा कच्ची भवन, विद्यार्थी सङ्ख्याका आधारमा पर्याप्त फर्निचर र कक्षकोठामा चकबोर्डको प्रयोग भएको पाइयो ।

उ.मा.वि. लुम्तीमा कक्षा १० मा ४८ जना विद्यार्थी भएको विद्यालयमा अत्याधुनिक पक्की भवन ढला तथा फराकिला कक्षाकोठा भएको पाइयो भने पर्याप्त फर्निचरको व्यवस्था पाइयो ।

माथिका १० वटा विद्यालयमध्ये मा.वि.तोश्रामखोलाको भौतिक संरचना ध्वस्त भएको र अन्य विद्यालयको भौतिक अवस्था सन्तोषजनक रहेको पाइयो ।

### ४.२.२ आर्थिक अवस्था

विद्यालयको भौतिक व्यवस्थापन तथा शैक्षिक सामग्री व्यवस्थापनमा आर्थिक पक्षले प्रभाव पारको हुन्छ । जुन विद्यालय आर्थिक रुपमा सक्षम छन्, ती विद्यालयले भौतिक व्यवस्थापन

र शैक्षिक सामग्रीको व्यवस्थापन सहज रुपमा गर्न सक्ने र आर्थिक पक्षमा कमजोर विद्यालयले भैतिक व्यवस्थापन लगायत शैक्षिक सामग्री व्यवस्थापनमा कठिनाई बेहोर्नु पर्ने हुनाले उचित व्यवस्थापनका लागि विद्यालयको आर्थिक अवस्था सबल हुनु आवश्यक हुन्छ । शोध विद्यालय सबै सामुदायिक भएका जसमध्ये ६ वटा उ.मा.वि. स्तरका विद्यालयहरुमा उ.मा.वि. लाम्पन वतासे, बेङ्कटेश्वर उ.मा.वि सालुके, त्रिभुवन उ.मा.वि स्याङती, उ.मा.वि लुम्ती, रत्नावती उ.मा.वि सालुके, त्रिभुवन उ.मा.वि आम्बोटेको आर्थिक अवस्था राम्रै देखिन्छ भने हिराथुम्की मा.वि. तोश्रामखोला, मा.वि. खुरहरी, मा.वि. बाङरिङफेदी, मा.वि महभीर विद्यालयहरुले अनुमति मात्र लिएर मा.वि. तह सञ्चालन गरेको हुँदा निजीश्रोतबाट शिक्षकहरुको तलब भत्ता व्यहोर्नु परेको हुँदा आर्थिक स्थिति कमजोर देखिन्छ । यसको असर शैक्षिक सामग्रीमा परेको हुँदा ती विद्यालयहरुमा शैक्षिक सामग्री न्यून मात्रामा रहेको पाइयो ।

## ४.३ विद्यालयहरुमा विद्यार्थी, फर्निचर र शिक्षक विवरण

**तालिका नं. २**

### ४.३.१ विद्यालयको नाम : श्री बेङ्कटेश्वर उ.मा.वि. बाहुनतिल्पुङ्ग

| विद्यार्थी | जम्मा विद्यार्थी सङ्ख्या | | | कक्षा अवलोकन समयमा उपस्थित विद्यार्थी सङ्ख्या | | | नेपाली पढाउने शिक्षकको नाम |
|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १० | २२ | ३० | ५२ | १९ | २४ | ४३ | दुर्गाप्रसाद अधिकारी |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिकाअनुसार श्री बेङ्कटेश्वर उ.मा.वि. बाहुनतिल्पुङ्गमा कक्षा १० मा जम्मा विद्यार्थी सङ्ख्या ५२ जना रहेकोमा कक्षा अवलोकनको समयमा ४३ जना रहेको पाइयो । कक्षा १० मा शिक्षक दुर्गाप्रसाद अधिकारीले अध्यापन गरेको पाइयो । कक्षामा विद्यार्थी सङ्ख्याको आधारमा डेस्क बेन्च पर्याप्त रहेको पाइयो । कक्षामा विद्यार्थीहरु विद्यालयको पोशाकमा नै उपस्थित भएको पाइयो । विद्यालयले छात्र र छात्राको लागि खरानी रङको सर्ट र रातो रङको पाइन्ट र स्कर्ट तोकेको पाइयो । कक्षामा विद्यार्थीको चाप ठिकै पाइयो । कक्षामा शिक्षकले मार्कवोर्डको प्रयोग गरेको पाइयो ।

तालिका नं. ३

## ४.३.२ विद्यालयको नाम : श्री हिराथुम्की मा.वि. तोश्रामखोला

| विद्यार्थी | जम्मा विद्यार्थी सङ्ख्या | | | कक्षा अवलोकन समयमा उपस्थित विद्यार्थी सङ्ख्या | | | नेपाली पढाउने शिक्षकको नाम |
|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १० | १८ | २६ | ४४ | १४ | २१ | ३५ | सिद्धप्रसाद अधिकारी |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिकाअनुसार श्री हिराथुम्की मा.वि. तोश्रामखोला कक्षा १० मा जम्मा विद्यार्थी सङ्खया ४४ रहेकोमा कक्षाा अवलोकन, समयमा ३५ जना विद्यार्थी उपस्थित रहेको पाइयो, विद्यालयमा कक्षा अवलोकन समयमा पनि छात्रभन्दा छात्रा नै अधिक रहेको पाइयो । डेस्क बेन्चको अवस्था ठीकै पाइयो । २०७२ साल वैशाख १२ र २९ गते आएको विनाशकारी महाभूकम्पले विद्यालयलाई पूर्ण रुपमा क्षतिग्रस्त पारेर हाल अस्थायी टहरामा शिक्षण भएको पाइयो । अवलोकन गरिएका विद्यालयमध्ये यस विद्यालय पूर्ण रुपमा ध्वस्त पाइयो तथापि शिक्षण कार्य भने सञ्चालन भइरहेको पाइयो । विद्यालयले पोशाकमा छात्रको लागि खरानी रङको सर्ट र खैरो रङको पाइन्ट तोकेको पाइयो भने छात्राहरुको लागि खरानी रङको सर्ट र खैरो रङको स्कर्ट तोकेको पाइयो । कक्षामा विद्यार्थीको चाप ठीकै पाइयो । कक्षामा चकबोर्ड प्रयोग गरेको पाइयो ।

तालिका नं. ४

## ४.३.३ विद्यालयको नाम : मा.वि महाभीर खोलागाउँ

| विद्यार्थी | जम्मा विद्यार्थी सङ्ख्या | | | कक्षा अवलोकन समयमा उपस्थित विद्यार्थी सङ्ख्या | | | नेपाली पढाउने शिक्षकको नाम |
|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १० | १७ | १६ | ३३ | १२ | १३ | २५ | कुमार लामिछाने मगर |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिकाअनुसार श्री माध्यमिक विद्यालय खोलागाउँको कक्षा १० को विद्यार्थी सङ्ख्या जम्मा ३३ जना भएकोमा कक्षा अवलोकन समयमा २५ जनाको उपस्थिति पाइयो । कक्षाकोठामा डेक्स बेन्च पर्याप्त नै रहेको पाइयो । विद्यालयले विद्यार्थीहरुको पोशाक

छात्रहरुको लागि हरियो रङको सर्ट र पाइन्ट र छात्राहरुको लागि हरियो रङको सर्ट र खरानी रङको स्कर्ट तोकेको पाइयो । कक्षाकोठामा विद्यार्थीको चाप कमै पाइयो । सबै कक्षा कोठाहरुमा चकबोर्डको प्रयोग गरेको पाइयो ।

**तालिका नं. ५**

## ४.३.४ विद्यालयको नाम : जनप्रेमी उ.मा.वि. स्याङ्ती

| विद्यार्थी | जम्मा विद्यार्थी सङ्ख्या | | | कक्षा अवलोकन समयमा उपस्थित विद्यार्थी सङ्ख्या | | | नेपाली पढाउने शिक्षकको नाम |
|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १० | २४ | २७ | ५१ | १९ | २२ | ४१ | कृष्णप्रसाद काफ्ले |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिकाअनुसार श्री जन जनप्रेमी उ.मा.वि. स्याङतीमा कक्षा १० मा जम्मा विद्यार्थी सङ्ख्या ५१ जना भएकोमा कक्षा अवलोकन समयमा ४१ जना पाइयो । कक्षामा हाजिरी रजिष्टरमा र कक्षा अवलोकनको समयमा छात्रको तुलनामा छात्रा बढी पाइयो । कक्षा १० नेपाली विषय शिक्षक कृष्णप्रसाद काफ्लेले अध्यापन गरको पाइयो । कक्षाकोठामा चकबोर्डको प्रयोग गरेको पाइयो । अवलोकनको समयमा विद्यर्थीहरु विद्यालयको तोकेको पोशाकमा नै उपस्थित भएको पाइयो । विद्यालयले आकासे रङ्गको सर्ट र निलो रङ्गको पाइन्ट छात्रलाई र आकासे रङ्गको सर्ट र गाढा निलो रङ्गको सकर्ट छात्राहरुलाई विद्यालय पोशाक तोकेको पाइयो । यसै क्रममा विद्यालय वरिपरि अवलोकन गर्दा २०७२ वैशाा १२ र २९ गतेको भूकम्पको प्रभावले भित्ताहरु चर्किएर अलि त्रासपूर्ण वातावरण रहेको पाइयो ।

**तालिका नं. ६**

### ४.३.५ विद्यालयको नाम : मा.वि बाङ्रिङफेदी

| विद्यार्थी | जम्मा विद्यार्थी सङ्ख्या | | | कक्षा अवलोकन समयमा उपस्थित विद्यार्थी सङ्ख्या | | | नेपाली पढाउने शिक्षकको नाम |
|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १० | १९ | १७ | २६ | १३ | ९ | २२ | ज्ञानप्रसाद तिमल्सिना |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिकाबमोजिम श्री मा.वि बाङ्रिङफेदीमा कक्षा १० मा जम्मा विद्यार्थी सङ्ख्या ३६ रहेकोमा कक्षा अवलोकन समयमा २२ जना उपस्थित भएको पाइयो । विद्यार्थीको चाप अनुसार कक्षामा डेक्स बेन्चको व्यवस्था पर्याप्त पाइयो । कक्षा शिक्षणको क्रममा चकबोर्डको प्रयोग भएको पाइयो । अन्य विद्यालयको तुलनामा यस विद्यालयमा विद्यार्थीको चाप कम भएको पाइयो । विद्यालयले विद्यार्थीका लागि पोशाकमा छात्रको लागि प्याजी रङ्गको सर्ट र कालो रङ्गको पाइन्ट र छात्राहरुको लागि प्याजी रङ्गकै सर्ट र कालो रङ्गको स्कर्ट पोशाकका रुपमा तोकेको पाइयो ।

**तालिका नं. ७**

### ४.३.६ विद्यालयको नाम : श्री त्रिभुवन उ.मा.वि. आम्बोटे

| विद्यार्थी | जम्मा विद्यार्थी सङ्ख्या | | | कक्षा अवलोकन समयमा उपस्थित विद्यार्थी सङ्ख्या | | | नेपाली पढाउने शिक्षकको नाम |
|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १० | २५ | ३९ | ६४ | २० | ३१ | ५१ | तुलसीराम पोखरेल |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिकाअनुसार श्री त्रिभुवन उ.मा.वि. आम्बोटेमा जम्मा विद्यार्थी सङ्ख्या ६४ रहेको कक्षा अवलोकन समयमा ५१ जना विद्यार्थी उपास्थित रहेको पाइयो । कक्षामा पर्याप्त डेस्क बेन्चको व्यवस्था भएको पाइयो । विद्यार्थीको चाप बढी नै भएको पाइयो । सबै विद्यार्थी विद्यालयले तोकेको पोशाकमा नै उपस्थित भएको पाइयो ।

**तालिका नं. ८**

## ४.३.७ विद्यालयको नाम : प्रकाशोदय मा.वि. खुरहरी

| विद्यार्थी | जम्मा विद्यार्थी सङ्ख्या | | | कक्षा अवलोकन समयमा उपस्थित विद्यार्थी सङ्ख्या | | | नेपाली पढाउने शिक्षकको नाम |
|---|---|---|---|---|---|---|---|
| **कक्षा** | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** | |
| १० | १६ | २१ | ३६ | १३ | १५ | २८ | सविना थापा मगर |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिकामा देखाएअनुसार श्री प्रकाशोदय मा.वि. खुरहरीको कक्षा १० मा जम्मा विद्यार्थी सङ्ख्या ३६ पाइयो भने कक्षा अवलोकनको समयमा २८ जनामात्र पाइयो । डेस्कबेन्च सबै कक्षामा पर्याप्त भएको पाइयो । विद्यालयले तोकेको पोशाकमा नै विद्यार्थीहरु उपास्थित भएको पाइयो । विद्यालयले छात्राका लागि रातो रङको सर्ट र कालो स्कर्ट र छात्रका लागि रातो रङको सर्ट र कालो पाइन्ट तोकेको पाइयो । कक्षामा विद्यार्थीको चाप कमै रहेको पाइयो । कक्षामा कथा शिक्षण गर्दा चकबोर्डको प्रयोग गरेको पाइयो ।

**तालिका नं. ९**

## ४.३.८ विद्यालयको नाम : श्री उ.मा.वि. लाम्पन बतासे

| विद्यार्थी | जम्मा विद्यार्थी सङ्ख्या | | | कक्षा अवलोकन समयमा उपस्थित विद्यार्थी सङ्ख्या | | | नेपाली पढाउने शिक्षकको नाम |
|---|---|---|---|---|---|---|---|
| **कक्षा** | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** | |
| १० | ३० | ३६ | ६७ | २४ | २९ | ५३ | जितबहादुर कार्की |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिकाअनुसार श्री उ.मा.वि. लाम्पन बतासेमा कक्षा १० मा जम्मा विद्यार्थी सङ्ख्या ६७ जना भएकोमा कक्षा अवलोकनका समयमा ५३ जना उपस्थित भएको पाइयो । कक्षामा भर्ना रजिष्टरमा छात्रभन्दा छात्रा सङ्ख्या बढी भएको र कक्षा अवलोकनको समयमा पनि छात्राको सङ्ख्या बढी नै भएको पाइयो । कक्षाहरुमा पर्याप्त डेस्क बेन्चको व्यवस्था रहेको पाइयो । कक्षामा शिक्षणका क्रममा मार्कर बोर्डको प्रयोग

भएको पाइयो । कक्षा कोठाहरु फराकिला र ठूला तथा विद्यालयमा अनुकूल वातावरण पाइयो । विद्यालयमा छात्रहरुलाई पोशाक आकासे निलो रङको सर्ट र गाढा निलो रङ्को पाइन्ट तोकेको पाइयो भने छात्राहरुको आकासे निलो रङ्गको सर्ट र गाढा निलो रङको स्कर्ट तोकेको पाइयो ।

**तालिका नं. १०**

## ४.३.९ विद्यालयको नाम : रत्नावती उ.मा.वि. सालुके

| विद्यार्थी | जम्मा विद्यार्थी सङ्ख्या | | | कक्षा अवलोकन समयमा उपस्थित विद्यार्थी सङ्ख्या | | | नेपाली पढाउने शिक्षकको नाम |
|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १० | ३० | ४१ | ७१ | २२ | ३२ | ५४ | माधव प्रसाद पौडेल |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिकाअनुसार श्री रत्नावती उ.मा.वि. सालुके कक्षा १० मा जम्मा विद्यार्थी सङ्खया ७१ जना भएकोमा कक्षा अवलोकन समयमा ५४ जना विद्यार्थी उपस्थित भएको पाइयो । कक्षामा छात्रभन्दा छात्राको सङ्ख्या अधिक  रहेको पाइयो । कक्षामा डेस्क बेन्चको व्यवस्था ठीकै पाइयो । कक्षामा कालोपाटीको प्रयोग गरेको पाइयो । सिन्धुली जिल्लाकै विकट क्षेत्र रत्नावतीमा विद्यालयको अवस्था लगभग राम्रो रहेको पाइयो । विद्यालयमा छात्रहरुलाई आकासे निलो रङको सर्ट र गाढा निलो रङ्को पाइन्ट पोशाक तोकेको पाइयो भन्ने छात्राहरुको आकासे निलो रङ्गको सर्ट र गाढा निलो रङ्को स्कर्ट तोकेको पाइयो । कक्षा अवलोकन समयमा विद्यार्थीहरु विद्यालयले तोकेको पोशाकमा नै उपस्थित भएको पाइयो ।

**तालिका नं. ११**

## ४.३.१० विद्यालयको नाम : श्री उ.मा.वि. लुम्ती

| **विद्यार्थी** | **जम्मा विद्यार्थी सङ्ख्या** | | | **कक्षा अवलोकन समयमा उपस्थित विद्यार्थी सङ्ख्या** | | | **नेपाली पढाउने शिक्षकको नाम** |
|---|---|---|---|---|---|---|---|
| **कक्षा** | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** | |
| १० | २० | २८ | ४८ | १६ | २३ | ३९ | खेमहरि भण्डरी |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिकाअनुसार श्री उ.मा.वि. लुम्तीमा जम्मा विद्यार्थी सङ्ख्या ४८ जना रहेकोमा कक्षा अवलोकन समयमा ३९ जना विद्यार्थी उपस्थित रहेको पाइयो । कक्षा कोठामा मार्कबोर्डको प्रयोग गरेको पाइयो । डेस्क बेन्चको पर्याप्त व्यवस्था गरेको पाइयो । विद्यार्थीहरु विद्यालयले तोकेको पोशाकमा नै उपस्थित भएको पाइयो । छात्रहरुका लागि आकासे रङको सर्ट र निलो पाइन्ट र छात्राहरुका लागि आकासे रङको सर्ट र निलो रङ्गको स्कर्ट तोकेको पाइयो ।

## तालिका नं. १२

## ४.४ मा.वि. तहमा नेपाली शिक्षण गर्ने शिक्षकहरुको शैक्षिक स्थिति

| क्र.स. | शिक्षकको नाम | विद्यालयको नाम | शैक्षिक योग्यता | तालिम शिक्षकको किसिम | | | | | | | दरबन्दी | अनुभव वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राप्त | अप्राप्त | स्थायी | अस्थायी | राहत | निजी | लेखा/ वाल-विकास | | |
| १ | दुर्गाप्रसाद अधिकारी | श्री बेङ्कटेश्वर उ.मा.वि. बाहुनतिलमुङ्ग | एम ए. बी. एड. | | | | | | | | मा.शि | १४ |
| २ | सिद्धप्रसाद अधिकारी | हिराथुम्की उ.मा.वि. तोश्रामखोला | एम ए. बी. एड. | | | | | | | | मा.शि | १३ |
| ३ | कुमार लामिछाने मगर | मा.वि. महभीर खोलागाउँ | बी.एड. | | | | | | | | नि.मा. शि | ६ |
| ४ | कृष्णप्रसाद काफ्ले | जनप्रमी उ.मा.वि. स्याङ्ती | एम ए. | | | | | | | | नि.मा. शि | ११ |
| ५ | ज्ञान तिमल्सिना | मा.वि. बाङ्रिङ फेदी | बी. एड. | | | | | | | | प्रा.शि | ८ |
| ६ | तुलसीराम पोखरेल | त्रिभुवन उ.मा.वि. आम्बोटे | एम. एड. | | | | | | | | नि.मा. शि | १५ |
| ७ | सविना थापा मगर | प्रकाशोदय मा.वि. खुरहरी | बी. एड. | | | | | | | | मा.शि | १० |
| ८ | जित बहादुर कार्की | मा.वि. लाम्पन बतासे | एम. एड. | | | | | | | | नि.मा. शि | २० |
| ९ | माधव प्रसाद पौडेल | रत्नावती उ.मा.वि. सालुके | एम. एड. | | | | | | | | नि.मा. शि | १३ |
| १० | खेमहरि भण्डरी | उ.मा.वि. लुम्ती | एम. एड. | | | | | | | | मा.शि | १२ |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

### ४.५ विद्यालयका प्रधानाध्यापकहरूको अवस्था

शैक्षिक सामग्रीको उपयोगमा प्रधानाध्यापकको पनि महत्वपूर्ण भूमिका रहन्छ । यदि शैक्षिक सामग्री खरिद, निर्माण, सङ्कलन र प्रयोग सम्बन्धमा प्रधानाध्यापकको सकारात्मक धारणा नहुने हो भने विषय शिक्षकले मात्र चाहेर शैक्षिक सामग्रीको उपयोग हुन सक्दैन । प्रधानाध्यापकमा नेपाली भाषा शिक्षण गर्दा शैक्षिक सामग्रीको उपयोग महत्वपूर्ण हुन्छ भन्ने महसुस नहुँदासम्म शैक्षिक सामग्री निर्माण, सङ्कलन र खरिदमा लगानी गर्न चाहदैनन् । यसका लागि प्रधानाध्यापक पनि योग्य अनुभवी तालिम प्राप्त हुनु आबश्यक छ ।

शोध अध्ययनको सिलसिलामा गरिएको प्रधानाध्यापकहरुसँगको अन्तर्वार्ता र छलफलका आधारमा सवै विद्यालयका प्रधानाध्यापकको सकारात्मक धारणा पाइयो । शैक्षिक सामग्रीको प्रयोगले सिकाइ सहज र प्रभावकारी हुने, सिकाइ दिगो हुने, विद्यार्थीमा उत्सुकता बढ्ने, कक्षा रोचक र मनोरञ्जनपूर्ण हुने कुराहरु महसुस गरेको पाइन्छ । शोध क्षेत्रका प्रधानाध्यापकको शैक्षिक अवस्था निम्नानुसार रहेको छ :

**तालिका न. १३**

### ४.५.१ प्रधानाध्यापकहरुको शैक्षिक विवरण

| क्र.स. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | शैक्षिक योग्यता | तालिम | अनुभव वर्ष |
|---|---|---|---|---|---|
| १ | श्री बेङ्करेश्वर उ.मा.वि. बाहुनतिलपुङ्ग | भीमप्रसाद अधिकारी | एम.ए/बी.एड | प्राप्त | २५ |
| २ | श्री हिराथुम्की मा.वि. तोश्रामखोला | सिद्धप्रसाद अधिकारी | | प्राप्त | १२ |
| ३ | मा.वि. महभीर खोलागाउँ | जितवहादुर तामाङ | बी.एड | प्राप्त | २५ |
| ४ | जनप्रेमी उ.मा.वि. स्याङ्ती | लेख बहादुर थापा | बी.एड | प्राप्त | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | मा.वि बाङरिङफेदी | ज्ञानप्रसाद तिमल्सिना | बी.एड | प्राप्त | २६ |
| ६ | श्री त्रिभुवन उ.मा.वि. आम्बोटे | जितेन्द्रकुमार महासेठ | एम.एस्सी. | प्राप्त | ११ |
| ७ | श्री प्रकाशोदय मा.वि खुरहरी | टिकाजङ थापा | एम.एड. | प्राप्त | १२ |
| ८ | श्री उ.मा.वि. लाम्पन बतासे | अनन्तराज श्रेष्ठ | एम.ए/ एम.एड. | प्राप्त | ३६ |
| ९ | श्री रत्नावती उ.मा.वि. सालुके | सोमप्रसाद भण्डारी | एम.एड. | प्राप्त | १४ |
| १० | श्री उ.मा.वि. लुम्ती | सिद्धि बहादुर जोगी | एम.एड. | प्राप्त | १३ |

शोध क्षेत्रका सबै प्रधानाध्यापकहरु तालिम प्राप्त, अनुभवी, योग्य र दक्ष रहेका छन् । केही माध्यमिक विद्यालयका प्रधानाध्यापकको शैक्षिक योग्यता कम पाइए पनि उनीहरुले धेरै वर्ष अघिदेखि विद्यालय प्रशासनको जिम्मेवारी इमान्दारी एवम् दक्षतापूर्णक संभाल्दै आएको पाइयो । उल्लेखित विद्यालयका प्रधानाध्यापकहरुमा शैक्षिक सामग्रीको महत्व बोध भएको र तिनको प्रयोगप्रति सकारात्मक धारणा रहेको पाइए तापनि विद्यालयमा पर्याप्त मात्रामा शैक्षिक सामग्री उपलब्ध गराउन सकेका छैनन् । विद्यालयमा उपलब्ध भएका शैक्षिक सामग्रीको उचित व्यवस्थापन संरक्षण एवम् प्रयोगतर्फ ध्यान पुगेको देखिएन । अतः यस विषयमा प्रधानाध्यापकको उचित ध्यान पुग्नु अत्यावश्यक छ ।

## ४.६ विद्यालयमा भएका शैक्षिक सामग्रीहरुको अवस्था

तालिका नं. १४

| क.स. | विद्यालयको नाम | दैनिक प्रयोगका सामग्री | विद्यालयमा भएका अन्य शैक्षिक सामग्रीहरु |
|---|---|---|---|
| १. | बेङ्कटेश्वर उ.मा.वि. बाहुनतिलपुङ्ग | चक, डस्टर, कालोपाटी, मार्कर, श्वेतपाटी, पाठ्यपुस्तक, सन्दर्भसामग्री | चित्रहरु, गोजीतालिका, फलाटिन पाटी, जिओ बोर्ड, बृहत् सामान्य ज्ञानका पुस्तकहरु, शब्दकोशहरु, शिक्षक निर्देशिका, विभिन्न तहका पाठ्यक्रम, जनावर, चराचुरुङ्गी तथा फलफुल सम्बन्धी चित्र, ग्लोव, एटलसहरु पिरामिड, षड्मुख, प्रीज्मआदिको नमुना, नेपालको राष्ट्रिय झण्डा |
| २. | हिराथुम्की मा.वि. तोश्रामखोला | चक, डस्टर, कालोपाटी, पुस्तक, सन्दर्भसामग्री | राष्ट्रिय झण्डाहरु, नमुना घडी, साहित्यकारका तस्वीर, विभिन्न जनावर तथा फलफूलका चित्रहरु, शब्दकोश, वर्णमाला, शिक्षक निर्देशिका, पाठ्यक्रमहरु, विज्ञान प्रयोगका सामग्रीहरु, ग्लोब, फ्ल्यास कार्ड, मानव कङ्काल, चित्र, सिन्धुली जिल्लाको नक्सा, मानव शरीरका अङ्गहरुको चार्ट । |
| ३. | मा.वि. महभिर | चक, डस्टर, कालोपाटी, पाठ्यपुस्तक, सन्दर्भसामग्री | गोजीतालिका, नेपालको नक्सा, विश्वको नक्सा, राष्ट्रिय विभूतिहरुको तस्वीर, नेपाली साहित्यकारको तस्वीर, तरकारी तथा फलफूलसम्बन्धी चार्टहरु, शब्दकोशहरु, शिक्षक निर्दोशिका फलाटिन पाटी, बाह्रखरी चार्ट, राष्ट्रिय झण्डा । |
| ४. | जनप्रेमी उ.मा.वि स्याङ्ती | चक, डस्टर, कालोपाटी, पुस्तक, | नेपाली बृहत् शब्दकोश, फलाटिन पाटी, शिक्षक निर्दोशिका, चित्रहरु, गोजीतालिका, जिओ बोर्ड, बृहत् सामान्य ज्ञानका पुस्तकहरु, पाठ्यक्रमहरु, |

| | | | |
|---|---|---|---|
| | | सन्दर्भसामग्री | जनावर, चारचुरुङ्गी तथा फलफूलसम्बन्धी चित्रहरु, ग्लोव, एटलस, नेपालको राष्ट्रिय झण्डा । |
| ५. | मा.वि. बाङ्रिङफेदी | चक, डस्टर, कालोपाटी, पुस्तक, सन्दर्भसामग्री | सहित्यकारको तस्वीर, तरकारी तथा फलफूलसम्बन्धी चार्टहरु, नेपाली र अङ्गेजी बृहत् शब्दकोश, शिक्षक निर्देशिका, पाठ्यक्रम, नेपाली वर्णमाला, फलाटिन पाटी, बाह्रखरी चार्ट, राष्ट्रिय झण्डा । |
| ६. | त्रिभुवन उ.मा.वि. आम्बोटे | चक, डस्टर, कालोपाटी, मार्कर, श्वेतपाटी, पाठ्यपुस्तक, सन्दर्भसामग्री | शब्दकोश, नक्साहरु, नेपाली अंग्रेजी व्याकरण, ग्लोव, पाठेयक्रमहरु, शिक्षक निर्देशिका, साहित्यकारका तस्वीर, गोजीतालिका, सामान्य ज्ञानका पुस्तकहरु, विभिन्न जनावर, चराचुरुङ्गी तथा फलफूलसम्बन्धी चित्रहरु, विज्ञान तथा स्वास्थ्यसम्बन्धी तस्वीर |
| ७. | प्रकाशोदय मा.वि. खुरहरी | चक, डस्टर, कालोपाटी, पाठ्यपुस्तक, सन्दर्भसामग्री | गोजीतालिका, एटलस, नक्साहरु, ग्लोब, शब्कोश, साहित्यकारका तस्वीर, फ्ल्यासकार्ड, शिक्षक निर्देशिका, झण्डा, मानव कङ्काल चित्र, सङ्गीतकारको तस्वीर, नेपाली वर्णमाला । |
| ८. | श्री उ.मा.वि. लाम्पान बतासे | श्वेतपाटी, मार्कर, पाठ्यपुस्तक, सन्दर्भसामग्री | चित्रहरु, गोजीतालिका, फलाटिन पाटी, जिओबोर्ड, बृहत् सामान्य ज्ञानका पुस्तकहरु, शब्दकोशहरु, शिक्षक निर्देशिकाहरु, विभिन्न तहका पाठ्यक्रमहरु, जनावर र चराचुरुङ्गी तथा फलफूलसम्बन्धी चित्रहरु, ग्लोव, एटलसहरु, नेपालको राष्ट्रिय झण्डा, कम्प्युटर । |
| ९. | श्री रत्नावती उ.मा.वि. सालुके | चक, डस्टर, कालोपाटी, पाठ्यपुस्तक, सन्दर्भसामग्री | चित्रहरु, गोजीतालिका,फलाटिन पाटी, शब्कोशहरु, शिक्षक निर्देशिका, जनावर र चराचुरुङ्गी तथा फलफूलसम्बन्धी चित्रहरु, नेपालको राष्ट्रिय झण्डा, ग्लोब, साहित्यकारको |

| | | | |
|---|---|---|---|
| | | | तस्वीर |
| १०. | श्री उ.मा.वि. लुम्ती | चक, डस्टर, कालोपाटी, मार्कर, श्वेतपाटी, पाठ्यपुस्तक, सन्दर्भसामग्री | चित्रहरु गोजीतालिका, फलाटिन पाटी, शब्दकोशहरु, विभिन्न तहका पाठ्यक्रमहरु शिक्षक निर्देशिक, विभिन्न जनावर र चराचुरुङ्गी तथा फलफूलसम्बन्धी चित्रहरु, ग्लोब, विश्वको नक्सा, नेपालको नक्सा, राष्ट्रिय विभूतिहरुको तस्वीर , साहित्यकारको तस्वीर |

शोध विद्यालयहरुमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरुले भरेका प्रश्नावली र प्रत्यक्ष अवलोकनबाट प्राप्त विवरण अनुसार सवै विद्यालयमा दैनिक प्रयोगका सामग्रीहरु सहज रुपमा उपलब्ध भएको पाइयो । सन्दर्भ सामग्रीहरु भने पर्याप्त नपाइए तापनि सामग्रीविहीन विद्यालय भने पाइएन । केही महत्वपूर्ण सामग्रीहरु जस्तै गोजीतालिका, शब्कोश, साहित्यकारका तस्वीर, विभिन्न फलफूल तथा चराचुरुङ्गीका चित्र, जनावरका चित्र, शब्दकोश, शिक्षक निर्देशिका पाठ्यक्रम, शब्दपत्तीआदि सामग्रीहरु सवै विद्यालयमा पाइयो । सामग्रमा विद्यालयहरुमा शैक्षिक सामग्रीहरुको उपलब्धता, गुणस्तर, मात्रा त्यति सन्तोषजनक पाइएन ।

## ४.७ दैनिक प्रयोगका सामग्रीको अवस्था

**तालिका नं. १५**

| क्र.सं. | शैक्षिक सामग्रीको नाम | प्रश्नावलीबाट प्राप्त नतिजा | | | | कक्षा अवलोकनबाट प्राप्त नतिजा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रयोग गर्ने | प्रयोग नगर्ने | प्रयोग गर्ने % | प्रयोग नगर्ने % | प्रयोग गर्ने | प्रयोग नगर्ने | प्रयोग गर्ने % | प्रयोग नगर्ने % |
| १. | कालोपाटी/ श्वेतपाटी | १० | | १०० | | १० | | १०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | चक, डस्टर मार्कर | | | १०० | | १० | | १०० | |
| ३. | पाठ्यपुस्तक | १० | | १०० | | १० | | १०० | |
| ४. | सन्दर्भसामग्री | ६ | ४ | ६० | ४० | ३ | ७ | ३० | ७० |
| | औसत | | | ९० | १० | | | ८२.५ | १७.५ |

स्रोत : प्रश्नावली फारम तथा स्थलगत अवलोकन २०७२

शोध विद्यालयका मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरुले दैनिक प्रयोगका शैक्षिक सामग्रीहरुको अवस्थालाई विश्लेषण गर्दा कालोपाटी, चक, डस्टर पाठ्यपुस्तक प्रयोग गर्ने शिक्षकहरुबाट प्राप्त जवाफमा १०० प्रतिशत देखिएकोमा कक्षा अवलोकनबाट सो कुरा सत्य सावित भयो । सन्दर्भ सामग्री प्रयोग गर्छु भनी प्रश्नावलीमा जवाफ दिने र प्रयोग गर्दिन भनी जवाफ दिने शिक्षक क्रमशः ६ र ४ जना पाइयो भने कक्षा अवलोकन गर्दा सन्दर्भ सामग्री प्रयोग गर्ने शिक्षकहरु ३ र प्रयोग नगर्ने शिक्षकहरु ७ जना पाइयो । औसतमा दैनिक प्रयोगका समग्र सामग्री प्रयोग गर्ने शिक्षक प्रश्नावली अनुसार ९० प्रतिशत पाइयो भने १० प्रतिशत शिक्षकले दैनिक प्रयोगका समग्र सामग्री प्रयोग नगरेको पाइयो । कक्षा अवलोकनलाई  आधार बनाउँदा दैनिक प्रयोगका समग्र सामग्री प्रयोग गर्ने शिक्षक ८२.५ प्रतिशत र दैनिक प्रयोगका सामग्र सामग्री प्रयोग नगर्ने शिक्षक १७.५ प्रतिशित पाइयो । यसरी शिक्षकहरुको भनाइ र गराइमा ७.५ प्रतिशत फरक पाइयो ।

## ४.८ कथा विद्या शिक्षणमा शैक्षिक सामग्री प्रयोगको स्थिति

तालिका नं. १६

| क.स. | शैक्षिक सामग्रीको नाम | प्रश्नावलीबाट प्राप्त नतिजा | | | | कक्षा अवलोकन बाट प्राप्त नतिजा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रयोग गर्ने सं | प्रयोग नगर्ने सं. | प्रयोग गर्ने % | प्रयोग नगर्ने % | प्रयोग गर्ने सङ्ख्या | प्रयोग नगर्ने सङ्ख्या | प्रयोग गर्ने % | प्रयोग नगर्ने % |
| १. | कठिन शब्दको सूची | २ | ८ | २० | ८० | १ | ९ | १० | |
| २. | शब्दपत्ती | ६ | ४ | ६० | ४० | ३ | ७ | ३० | ७० |
| ३. | वाक्यपत्ती | ४ | ६ | ४० | ६० | ३ | ७ | ३० | ७० |
| ४. | शब्दार्थपत्ती | ३ | ७ | ३० | ७० | २ | ८ | २० | ८० |
| ५. | तस्वीर | ४ | ६ | ४० | ६० | १ | ९ | १० | ९० |
| ६. | गोजी तालिका | ५ | ५ | ५० | ५० | ० | १० | ० | १०० |
| ७. | प्रश्नहरुको सूची | ३ | ७ | ३० | ७० | १ | ९ | १० | ९० |
| ८. | सारांश नमुना | २ | ८ | २० | ८० | ० | १० | ० | १०० |
| ९. | भावविस्तारको नमुना | १ | ९ | १० | ९० | ० | १० | ० | १०० |
| १०. | उखान टुक्काको सूची | ३ | ७ | ३० | ७० | १ | ९ | १० | ९० |
| ११. | फलाटिन पाटी | ३ | ७ | ३० | ७० | १ | ९ | १० | ९० |
| | औसत | | | ३२.७२ | ६७.२८ | | | ११.८ | ८८.२ |

स्रोत : प्रश्नावली फारम तथा स्थलगत अवलोकन २०७२

नेपाली भाषा शिक्षणअन्तर्गत कथा विधा शिक्षण गर्दा के-के शैक्षिक सामग्री प्रयोग गर्नुहुन्छ भन्ने प्रश्नावलीको जवाफमा कठिन शब्दको सूची, वाक्यपत्ती, शब्दपत्ती, शब्दार्थपत्ती, तस्वीर,

गोजीतालिका, प्रश्नसूची, सारांश नमुना, भावविस्तार नमुना, उखान-टुक्काको सूची, फलाटिन पाटी भन्ने शिक्षकहरुको जवाफमा क्रमशः २, ४, ६, ३, ४, ५, ३, २, १, ३, ३ जनाले प्रयोग गर्ने बताए पनि कक्षा अवलोकन गर्दा क्रमशः १, ३, ३, २, १, ०, १, ०, ०, १, १ जनाले मात्र प्रयोग गरेको पाइयो । समग्रमा प्रश्नावलीको जवाफबाट कक्षा शिक्षणमा विभिन्न शैक्षिक सामग्री प्रयोग गर्छु भन्ने शिक्षक ३२.७२ प्रतिशत पाइए पनि कक्षा अवलोकनबाट ११.८ प्रतिशत शिक्षकले मात्र दैनिक प्रयोग बाहेकका सामग्री प्रयोग गरेको पाइयो । यहाँ शिक्षकको भनाइ र व्यवहारमा कथा विधा शिक्षणमा २०.९२ प्रतिशत अन्तर रहेको पाइयो । समग्रमा भनाइ र गराइबिच अन्तर पाइयो ।

## ४.९ प्रश्नावली र कक्षा अवलोकनका आधारमा अध्ययन विश्लेषण

समग्रमा शैक्षिक सामग्री प्रयोगको वर्तमान अवस्थालाई प्रभावकारी र कक्षा अवलोकनको माध्यमबाट विश्लेषण गर्दा शैक्षिक सामग्रीको प्रयोग नेपाली भाषा शिक्षणमा अनिवार्य र अपरिहार्य रहेको पाइयो । व्यावहारिक पक्ष भने सैद्धान्तिक पक्ष जस्तो सन्तोषजनक पाइएन । नमुना छनोटमा परेका सवै शिक्षकहरु तालिम प्राप्त पाइए पनि कक्षामा नेपाली भाषा शिक्षणअन्तर्गत कथा विधा शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्छ भन्ने विषयमा सबैजना सचेत रहेको पाइएन ।

यो अध्ययनले दैनिक प्रयोगका सामग्री कालोपाटी, श्वेतपाटी, चक/मार्कर, डस्टर र पाठ्यपुस्तक प्रयोग गर्ने शिक्षकहरु १०० प्रतिशत देखिए पनि अन्य सामग्री प्रयोगमा ध्यान गएको पाइएन । सवै शिक्षकहरु तालिम प्राप्त, अनुभवी र दक्ष देखिए तापनि कक्षामा शिक्षण गर्दा शैक्षिक सामग्रीहरुको प्रयोग न्यून रहेको देखिन्छ । यस अध्ययनले विद्यालयमा उपलब्ध रहेका सामग्रीसमेत शिक्षकहरुले प्रयोग गर्ने नगरेको वास्तविकता पत्ता लगाएको छ । विद्यालयमा रहेका समग्र सामग्रीहरुको संरक्षणमा विद्यालय प्रशासन, अन्य विषय शिक्षक तथा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरु सचेत रहेको पाइएन ।

यसरी शैक्षिक सामग्रीको प्रयोग गर्ने ज्ञान, सीप भएका र तालिम प्राप्त र धेरै योग्य र अनुभवी शिक्षक विद्यालयमा भएपनि दायित्वबोधको कमी, पेशाप्रति उत्तरदायित्वको कमी, शैक्षिक सामग्री प्रयोगमा कम चासो रहेको देखिन्छ । नेपाली भाषा शिक्षण गर्दा सामग्री प्रयोग गर्नुपर्ने हो तर त्यसो गरिएको पाइएन । नेपाली विषयप्रति गलत दृष्टिकोण, नेपाली भाषा शिक्षकहरुमा रहेको हीनताबोध, नेपाली विषयप्रतिको विद्यालय र समुदायको दृष्टिकोण

अनि राज्यको प्राथमिकता क्रम, शिक्षा ऐन, नियमावलीमा व्यापक सुधार गरी भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोगको मात्रा र गुणस्तर दुवैमा ध्यान पुऱ्याउनु आवश्यक छ ।

## ४.१० शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या र समाधानका उपायहरू

नेपाली भाषा शिक्षणअन्तर्गत कथा विधा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगले मात्र शिक्षण सिकाइलाई उपलब्धिमूलक र चिरस्थायी बनाउँछ भन्ने कुरामा कसैको दुइमत छैन । तर नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग न्यून देखिन्छ । यसबाट स्पस्ट हुन्छ कि शैक्षिक सामग्रीको प्रयोगमा थुपै समस्याहरु विद्यमान् छन् । ती समस्याहरु र समस्या समाधानका उपायहरु निम्नानुसार उल्लेख गरिएको छ :

### ४.१०.१ आर्थिक समस्या र समाधानका उपायहरू

सिन्धुली जिल्लाका १० ओटा सरकारी विद्यालय छनोट गरी अध्ययन गर्ने क्रममा नमुना छनोटमा परेका विद्यालयहरुमा शिक्षकको दरबन्दी पऱ्याप्त नभएकाले निजीस्रोतबाट शिक्षकको तलव भत्ता बेहोर्नुपर्ने समस्याले ग्रस्त छ । नि.मा.वि.देखि मा.वि., उ.मा.वि.सम्म धेरै जसो शिक्षकलई निजीस्रोतले तलव भत्ता वेहोर्दा विद्यालयको आर्थिक स्रोतको अभाव हुने गरेको देखियो । दरबन्दी दिएका विद्यालयमा पनि शिक्षा कार्यालयवाट शिक्षकको तलव आएपनि शैक्षिक सामग्री-खरिद गर्न तथा निर्माण गर्न रकम निकासा नहुँदा शैक्षिक सामग्रीको व्यवस्थापनमा विद्यालयलाई समस्या रहेको पाइयो ।

आर्थिक समस्या समाधानका लागि विद्यालयको आर्थिक अवस्था राम्रो बनाई विद्यालयलाई आत्मनिर्भर तुल्याउन सरकार, विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संध, स्थानीय अभिभावक, राजनैतिक दलका प्रतिनिधिजस्ता सबै सरोकारवाला निकायहरुले विशेष पहल गर्नु जरुरी हुन्छ । सरकारी स्तरबाट विद्यालयमा शैक्षिक सामग्री शीर्षकमा छुट्टै रकम उपलब्ध गराउनु पर्छ भने विद्यालय व्यवस्थापन समिति र अभिभावकहरुले स्थानीय स्तरबाट रकम सङ्कलन तथा व्यवस्थापन गर्नुपर्छ । भाषा शिक्षणमा आवश्यक पर्ने शैक्षिक सामग्रीको खरिद, सङ्कलन , निर्माण र व्यवस्थापनमा नेपाली भाषा शिक्षक विशेष चनाखो हुनुपर्दछ । विद्यालयले स्थानीय स्रोतबाट उपलब्ध हुने कम मूल्यका सामग्री सङ्कलन र निर्माण गर्नुपर्छ ।

### ४.१०.२ भौतिक समस्या र समाधानका उपायहरू

आर्थिक पक्ष र भौतिक पक्ष एक अर्कामा अन्तरसम्बन्धित हुन्छन् । आर्थिक समस्याले भौतिक व्यवस्थापनमा प्रत्यक्ष प्रभाव पार्दछ । अध्ययनका क्रममा कतिपय विद्यालयको निर्माणधीन भवनले समेत पूर्णता पाउन सकेको देखिँदैन । कतिपय विद्यालयका कक्षाकोठा साँघुरो भएका, एउटै कोठालाई बिचमा कच्चा बार लगाएर दुईवटा कक्षाका विद्यार्थी राखिएको, २०७२ साल वैशाख १२ र २९ गते आएको प्रलयकारी वा विनासकारी महाभूकम्पले धेरै जसो विद्यालय क्षतविक्षत अवस्थामा रहेका, वर्ल्ड भिजनमार्फत् दिएका टी.एल्.सी भवनमा शिक्षण कार्य गरिँदै आएको विद्यार्थीको उमेर र कक्षाअनुसारको बालमैत्री फर्निचरको व्यवस्था गर्न नसकिएको, कालोपाटी गुणस्तरहीन रहेको, पुस्तकालयको राम्रो व्यवस्था गर्न नसकिएको, कक्षा कोठामा क्षमताभन्दा बढी विद्यार्थी राखेर पढाउनुपर्ने वाध्यता, गोजीतालीका, फलाटिन पाटी, नक्सा तथा चार्टहरु प्रदर्शनका लागि कक्षाकोठाको भित्ताहरुमा काँटी, किलाको व्यवस्था नभएको, शैक्षिक सामग्री सुरक्षित राख्न आवश्यक दराज सबै विद्यालयमा नहुनु, सरसफाइ तथा सौचालयको उचित व्यवस्था सबै विद्यालयमा नहुनुआदि विद्यालयका भौतिक समस्याका रुपमा देखिएका छन् ।

भौतिक समस्या समाधानका लागि स्थानिय अभिभावक, विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ, राजनैतिक दलका प्रतिनिधि, जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्रजस्ता सरोकारवाला निकायहरुले विशेष प्रयत्नका साथ आवश्यक आर्थिक तथा प्राविधिक पक्षको व्यवस्थापन गरी भौतिक पक्षलाई बलियो बनाउनुपर्छ । सरकारी स्तरबाट भौतिक व्यवस्थापनको लागि महत्वपूर्ण भुमिका निर्वाह हुनुपर्छ । आवश्यक परेमा भौतिक समस्या समाधानका लागि आर्थिक स्रोत जुटाउन विदेशी दातृ निकायलाई अनुरोध समेत गर्नुपर्दछ । विद्यालयमा जवसम्म पर्याप्त मात्रामा भवन, फर्निचर र उपयुक्त हलको व्यवस्था हुँदैन तबसम्म शैक्षिक सामग्री प्रयोग र व्यवस्थापनमा अनुकूल वातावरण बन्दैन ।

### ४.१०.३ प्रशासनिक समस्या र समाधानका उपायहरू

वर्तमान राजनैतिक अस्थिरताले विद्यालयको व्यवस्थापन र सञ्चालनमा धेरै कठिनाइ परेको देखिन्छ । विद्यालय व्यवस्थापन पक्ष जवसम्म व्यवस्थित भई सुगठित रुपमा सञ्चालन हुदैन तवसम्म शिक्षकले जतिसुकै मेहनत र लगनशील भएर काम गरेपनि उचित शिक्षण हुन सक्दैन । विद्यालय व्यवस्थापन पक्ष र विद्यालय प्रशासनले शैक्षिक सामग्रीको बारेमा बेवास्ता

गर्नु, पाठयपुस्तक, पाठ्यक्रम तथा शिक्षक निर्देशिका समयमा उपलब्ध नगराउनु, विद्यालयको नियमित अनुगमन गरी पृष्ठपोषण नदिनु जस्ता प्रशासनिक समस्याले शैक्षिक सामग्री उपयोग गर्न कठिन भएको देखिन्छ । त्यस्तै शिक्षक भर्नामा गुणात्मक पक्षभन्दा राजनैतिक भागवण्डा गरिनु, विद्यालयका लागि शिक्षक दरबन्दी पर्याप्त नहुनु लामो समयसम्म अस्थायी, करार वा राहतको सट्टा निजी शिक्षकको रुपमा रहुनपर्ने वाध्यता, शिक्षक सेवा आयोगले नियमित रुपमा समय समयमा विज्ञापन नगर्नु, सरकारी सेवा सुविधामा स्थायी-अस्थायी, राहतआदि बहानामा पक्षपात गर्नाले शिक्षकको मनोवल घट्दै जानु जस्ता प्रशासनिक समस्याको कारणले शैक्षिक सामग्री प्रयोगमा समस्या रहेको सम्बन्धित निकायको जवाफ पाइयो ।

प्रशासनिक समस्या समाधानका लागि सबभन्दा पहिला विद्यालयमा राजनैतिक अखडा बन्द गर्नुपर्छ । शिक्षा मान्त्रालय, शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय, स्रोतकेन्द्र, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक जस्ता जिम्मेवार निकायहरुले विद्यालय शैक्षिक सामग्री निर्माण र प्रयोगका लागि उपयुक्त शैक्षिक वातावरण कायम गर्नुपर्छ । विद्यालय निरीक्षण, कक्षा अवलोकन गरेर शैक्षिक सामग्रीको प्रयोगमा शिक्षकलाई पृष्ठपोषण प्रदान गर्नुपर्दछ । शैक्षिक सामग्री निर्माणका लागि शिक्षकहरुलाई पर्याप्त समय मिलाउनुपर्छ ।

शिक्षकलाई स्थायी सेवा सुविधाको सौहार्दपूण वातावरण निश्चित गरिनुपर्दछ । भाषा शिक्षकलाई शैक्षिक सामग्रीका प्रयोगका आधारमा प्रोत्साहन, पुरस्कार र दण्डको नियम बनाइ कडाइका साथ लाग गर्नुपर्छ । शैक्षिक सामग्रीलाई महत्वका साथ लिई सरकारी स्तरबाट तालिमको व्यवस्था मिलाई सुविधाको सौहार्द्रपूर्ण वातावरण निश्चित गरिनुपर्दछ ।

### ४.१०.४ विद्यालय निरीक्षणका समस्या र समाधानका उपायहरू

शिक्षण कार्यको प्रभावकारिता र गुणस्तरीय निरीक्षण कार्यले प्रभावकारी भूमिका निर्वाह गर्दछ । कुनै पनि संस्थालाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि निरन्तर निरीक्षणको आवश्यकता पर्दछ । नियमित र प्रभावकारी अनुगमन निरीक्षण र सुझावको अभावमा शैक्षिक सामग्रीको उपयोगमा समस्या सिर्जना हुने देखिन्छ ।

विद्यालय निरीक्षकको समस्या समाधानका लागि नियमित निरीक्षण एवम् अनुगमनको आवश्यकता पर्दछ । निरीक्षणमा प्रभावकारिता ल्याउन सम्बन्धित निकायले कडाइका साथ

निरीक्षण एवम् अनुगमनको व्यवस्था गर्नुपर्दछ । यसबाट शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्या कम गर्न सकिन्छ । विद्यालयमा खटिएका निरीक्षकले शिक्षकलाई शैक्षिक सामग्री निर्माण र प्रयोगमा आदतको विकासका लागि सहयोग गर्नुपर्छ ।

### ४.१०.५ मूल्याङ्कनका समस्या र समाधानका उपायहरू

कतिपय शिक्षकहरु मिहिनेती अध्ययनशील र कर्तव्यनिष्ठ हुन्छन् । परश्रमी र लगनशील शिक्षकको उचित मूल्याङ्कनको व्यवस्था नहुनाले शैक्षिक सामग्रीको उपयोगमा निष्क्रिय एवम् उदासीन रहेको पाइन्छ । परिश्रम गर्ने र परिश्रम नगर्ने शिक्षकलाई एउटै दृष्टिकोणले हेर्दा परिश्रमी शिक्षकको मनोवल घट्दै गएको पाइन्छ । यसले गर्दा लगनशील शिक्षकहरु पनि शैक्षिक सामग्री प्रयोगमा अग्रसर हुँदैनन् ।

मूल्याङ्कनसम्बन्धी समस्या समाधानका लागि मिहिनेती, लगनशील र परिश्रमी शिक्षकहरुलाई उचित मूल्याङ्कन गरी पुस्कृत गरिनुपर्छ ।

### ४.१०.६ पेशाप्रति उत्तरदायित्वको कमी र समाधानका उपायहरू

पेशा वा व्यवसाय सञ्चालन गर्न सफल र प्रभावकारी बनाउन पेशाप्रति निष्ठा हुनु आवश्यक पर्दछ । शिक्षा जस्तो संवेदनशील विषय क्षेत्रलाई डोऱ्याउने व्यक्ति शिक्षण पेशाप्रति थोरै मात्र उत्तरदायित्वबाट विचलित हुने हो भने शिक्षणकार्य नै अन्योलपूर्ण बन्न पुग्दछ ।  शिक्षकले आफ्नो पेशाप्रति गर्व गर्नुपर्दछ । आफ्नो विषयको शिक्षण सिकाइमा दक्षता हासिल गराउनु मेरो दायित्व हो र त्यसलाई सफल बनाउनुपर्छ भन्ने कर्तव्य बोधको भावना शिक्षकहरुमा कम देखिन्छ । शिक्षकमा हुने उत्तरदायित्वको कमीले नै शैक्षिक सामग्रीको प्रयोगमा पनि नकारात्मक प्रभाव परेको देखिन्छ ।

समस्या समाधानका लागि शिक्षकहरुमा आफ्नो पेशाप्रति उत्तरदायित्व बोध हुनु आवश्यक देखिन्छ । आफ्नो पोशालाई आदर्श ठानी निष्ठापूर्वक लाग्नु हरेक शिक्षकको नैतिक दायित्व पनि हो । प्रभावकारी शिक्षणकार्यसँग शिक्षकको प्रतिष्ठा अनि विद्यार्थीको भविष्य गाँसिएको हुन्छ । शैक्षिक सामग्रीको प्रयोगले शिक्षणमा प्रभावकारी सहयोग पुऱ्याउने भएकाले शिक्षकमा उत्तरदायित्वको बोध हुनु अनिवार्य हुन्छ ।

### ४.१०.७ सारांश

सिन्धुली जिल्लाका १० ओटा माध्यमिक विद्यालयका माध्यमिक तह कक्षा १० मा शिक्षण गर्ने शिक्षकहरुको शैक्षिक सामग्रीको प्रयोगको अवस्थाको अध्ययन अवलोकन गर्दा शैक्षिक सामग्री प्रयोग गर्छु भन्ने शिक्षकहरुको सङ्ख्या बढी देखिए पनि प्रत्यक्ष कक्षा अवलोकन बाट सामग्री प्रयोग गर्ने शिक्षकहरुको वास्तविक सङ्ख्या ज्यादै न्यून पाइयो । धेरै जसो विद्यालयहरुमा शैक्षिक सामग्रीको उपलब्धता भएपनि शिक्षकहरुमा त्यसलाई प्रयोग गर्ने दृढ इच्छा शक्ति नभएको पाइयो । शैक्षिक सामग्री नै शिक्षणको मेरुदण्ड हो । शैक्षिक सामग्री निर्माण, सङ्कलन र खरिद गर्नुपर्छ र कथा शिक्षणमा त्यसको उपयाग गर्नुपर्छ भन्ने भावना शिक्षकहरुमा पाइएन । दैनिक प्रयोगका सामग्रीहरु चक/मार्कर, कालोपाटी/ श्वेतपाटी, पुस्तकजस्ता सामग्रीहरुको प्रयोग सन्तोषजनक पाइए पनि अन्य अतिरिक्त शैक्षिक सामग्रीहरुको प्रयोगमा शिक्षकहरुले खास ध्यान दिएको पाइएन । शैक्षिक सामग्रीको खरिद संरक्षण, सङ्कलन, निर्माण र प्रयोगमा विद्यालय प्रशासनले विशेष ध्यान दिनु जरुरी देखिन्छ । जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षक तथा स्रोत केन्द्रका स्रोत व्यक्तिहरुलाई निरीक्षण अनुगमन कार्यमा सक्रिय एवम् सजग गराउन सम्बन्धित निकायले विशेष ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ । नेपाली भाषा शिक्षणमा व्याख्यान विधिको प्रयोग व्यापक भएको तर शैक्षिक सामग्रीको प्रयोग न्यून भएकोले यसमा सुधार ल्याउन सरोकारवालाहरुले विशेष ध्यान दिनुपर्ने देखिन्छ । प्रश्नावलीको जवाफ एवम् प्रत्यक्ष भेटघाट र छलफलमा शैक्षिक सामग्री प्रयोग गरी गरिने नेपाली भाषा शिक्षण प्रभावकारी र उपलब्धीपूर्ण हुने कुरामा भने सबै शिक्षक/शिक्षिका एकमत रहेको पाइए पनि कक्षा अवलोकनबाट शिक्षको भनाइ र गराइमा ठुलो अन्तर पाइयो । शैक्षिक सामग्री प्रयोगमा व्यावहारिक पाटो एकातिर र सिद्धान्त अर्कातिर पाइयो ।

# अध्याय पाँच

# निष्कर्ष, सुझाव र उपयोगिता

## ५.१ निष्कर्ष

प्रस्तुत शोधकार्यमा  सिन्धुली जिल्लाका सामुदायिक विद्यालयहरुमा माध्यमिक तहमा नेपाली भाषा शिक्षणअन्तर्गत कथा विधा शिक्षण गर्दा शैक्षिक सामग्री प्रयोगसम्बन्धी यथार्थ अध्ययन विश्लेषण गर्ने प्रयोस गरिएको छ। यसका लागि नमुना छनौटमा परेका ६ वटा उ.मा.वि. ४ वटा माध्यमिक विद्यालय गरी जम्मा १० वटा सामुदायिक विद्यालयमा गई स्थलगत अध्ययन गरिएको छ। शोध विद्यालयहरुमा कक्षा निरीक्षण र प्रत्यक्ष अवलोकनबाट आजको विज्ञान र प्रविधिको युगमा पनि नेपाली कथा विधाको शिक्षण पुरानै पद्धति र प्रक्रियाबाट अगाडि बढेको पाइयो । भाषा शिक्षाणमा प्रशस्त शैक्षिक सामग्री खरिद, निर्माण र सङ्कलन गरी प्रयोग गर्नुपर्नेमा यी विद्यालयमा पुरानै व्याख्यान विधिको व्यापक प्रयोग भएको देखिएको छ। प्रस्तुत अध्ययनका क्रममा कतिपय विद्यालयहरुमा शैक्षिक सामग्रीको उपलब्धता एवम् प्रयोग न्यून पाइएको छ भने कतिपय विद्यालयमा शैक्षिक सामग्रीको उपलब्धता भएपनि प्रयोग सार्‍है न्यून पाइएको छ।

नेपाली भाषा शिक्षणअन्तर्गत कथा विधा शिक्षणको प्रमुख उद्देश्य विद्यार्थीहरुमा भाषिक सीपको विकास गराउनु हो । विद्यार्थीहरुको भाषिक क्षमताका आधारमा भाषिक सिपका तहहरु वा क्षेत्रहरु फरक फरक हुन्छन् । प्राराम्भिक तह र कक्षाका भाषिक सीपअन्तर्गत सुनाइ र बोलाइ सीप विकासको उद्देश्य प्रमुख हुन्छ भने माथिल्ला कक्षामा पढाइ र लेखाइ सीप विकासमा विशेष जोड दिइने उद्देश्य रहेको  हुन्छ। नेपालका अधिकांश विद्यालयहरुमा नेपाली भाषा शिक्षण सिपको विकास गराउने भन्दा भाषीक ज्ञान गराउने वा विषयवस्तु शिक्षण गर्ने गराउने कुरामा केन्द्रित रहेको छ । कथा शिक्षणमा परम्परागत व्याख्यान विधिको प्रयोग अन्यन्तै धेरै छ। विद्यार्थीहरु कक्षामा निस्क्रिय रहने र शिक्षक सक्रिय बनी व्याख्या गरिरहने परम्परागत चलन विद्यालयहरुमा कायमै छ। भाषिक सीप विकासभन्दा पाठ्यक्रमले निर्धारण गरेको विषयवस्तु वा पाठ सक्ने कुरामा शिक्षकहरुको ध्यान केन्द्रित भएको पाइन्छ। शैक्षिक सामग्रीको उचित प्रयोग गरी कक्षा शिक्षणलाई प्रभावकारी बनाउँदै भाषिक सीप विकासमा कक्षा शिक्षण केन्द्रित गराउनु अहिलेको नेपाली भाषा शिक्षणको मुख्य चुनौती र आवश्यकता हो।

सिन्धुली जिल्लाअन्तर्गतका विद्यालयहरुमा गरिएको यस शोध अध्ययनले वास्तविक रुपमा यहाँका विद्यालयहरुमा कालोपाटी, चक, डस्टर नै शैक्षिक सामग्रीको रुपमा प्रयोग भएको र केही विद्यालयले श्वेतपाटी र मार्कर प्रयोग गरेको पाइयो । शिक्षकहरुले शिक्षणको मुख्य सामग्री पाठ्यपुस्तकलाई नै मानेको पाइयो । विद्यालयमा उपलब्ध सामग्रीहरु पनि प्रयोग गरेको पाइएन । शैक्षिक सामग्रीको पनि प्रयोग गरेको पाइएन । शैक्षिक सामग्रीको खरिद, सङ्कलन र निर्माण गरी प्रयोग गरेको देखिदैन । विद्यालयमा उपलब्ध गोजीतालिका र फलाटिन पाटिको प्रयोगसमेत न्यून देखियो । स्थलगत अध्ययनको क्रममा केही विद्यालयमा शैक्षिक सामग्रीका रुपमा शब्दपत्ती, वाक्यपत्ती र तस्वीर प्रयोग गरिए पनि उक्त सामग्री पछिल्ला बेञ्चका विद्यार्थीले पढ्न र बुझ्न सकेको पाइएन ।

प्रश्नावली र प्रत्यक्ष अवलोकनबाट प्राप्त नतिजाबाट विविध समस्याका कारण नेपाली भाषा विक्षणमा यी विद्यालयमा शैक्षिक सामग्रीको प्रचुर मात्रामा प्रयोग हुन सकेको देखिँदैन । यिनै विविध समस्याहरुको विश्लेषणबाट प्राप्त निष्कर्ष निम्नानुसार प्रस्तुत गरिएको छ :

1. केही विद्यालयहरुमा आर्थिक समस्याको कारण शैक्षिक सामग्रीको व्यवस्था मिलाउन सकिएको छैन भने अर्थिक अवस्था राम्रो भएका विद्यालयमा दृढ इच्छा शक्तिको अभावका कारण शैक्षिक सामग्रीको व्यवस्था नगरेको पाइयो ।
2. शैक्षिक सामग्रीको प्रयोगले शिक्षणलाई प्रभावकारी र उद्देश्यमुखी बनाउँछ भन्ने कुरामा शिक्षणलाई प्रभावकारी र विश्वासको कमी रहेको पाइयो ।
3. विद्यालयमा शिक्षक दरबन्दी कम भएका कारण शिक्षकहरुमा कार्यबोझ बढ्नाले शैक्षिक, सामग्रीको छनौट निर्माण र प्रयोगमा पछाडि परेको पाइयो ।
4. नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोग गर्ने भन्दा नगर्ने शिक्षकको पनि इच्छा शक्ति घट्दै गएको पाइयो ।
5. स्थानीय स्रोत र साधनको उपयोगबाट शिक्षणमा प्रभावकारिता ल्याउँछ भन्ने कुरामा शिक्षकको ध्यान गएको पाइएन ।
6. नेपाली भाषा शिक्षणमा व्याख्यान विधिको प्रयोग कम गरी सामग्रीको प्रयोगमा जोड दिइएको पाइएन ।
7. शिक्षक निर्देशिका विद्यालयाम समयमै उपलब्ध गराइ त्यसको प्रयोगमा जोड दिन सम्बन्धित निकायले पहल गरेको पाइएन ।

8. शिक्षकहरु तालिम प्राप्त भएपनि तालिममा प्राप्त गरेको सैद्धान्तिक ज्ञान र व्यावाहरिक सीपको प्रयोग कक्षा कोठामा गर्न पूर्ण रुपमा सफल नदेखिएको हुँदा उनीहरुलाई अझै सामग्री सङ्कलन, निर्माण र प्रयोग सम्बन्धमा तालिमको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ ।

9. नेपाली भाषा शिक्षणप्रतिको दृष्टिकोण गलत रहेको र नेपाली भाषा शिक्षणलाई दोस्रो दर्जामा राख्ने प्रवृत्ति देखिएकाले शिक्षकहरुमा हीनताबोध उत्पन्न भएको पाइयो ।

10. शैक्षिक सामग्रीको प्रयोगले सिकाइ रुचिकर र अर्थपूर्ण हुन्छ भन्ने कुरामा ध्यान गएको पाइएन ।

11. विद्यालयको भौतिक व्यवस्थापन व्यवस्थित पाइएन । उपलब्ध शैक्षिक सामग्रीको व्यवस्थापन गर्ने छुट्टै कोठाको व्यवस्था देखिँदैन ।

12. धेरै जसो विद्यालयमा शिक्षकहरुले पाठयोजना बिना नै शिक्षण गरेकाले शिक्षण दिशाविहीन बनेको पाइयो ।

13. शैक्षिक सामग्रीको प्रदर्शनसँगै आफ्नो त्रुटि पनि प्रदर्शन हुने डरले कतिपय शिक्षकहरु शैक्षिक सामग्रीको प्रयोगमा अग्रसर भएको पाइएन ।

14. शिक्षकहरुबाट आधारभूत सामग्रीको प्रयोग भएपनि अन्य सामग्रीको खरिद, सङ्कलन, निर्माण र प्रयोगमा शिक्षकको खासै ध्यान गएको पाइएन ।

15. धेरै जसो विद्यालयका शिक्षकहरु माथिल्लो कक्षा वा तहको अध्ययनमा व्यस्त भएका कारण शैक्षिक सामग्री निर्माण गरी शिक्षण गर्न समयको अभावको कारण असमर्थ भएको पाइयो ।

16. नेपाली भाषा शिक्षकहरु १०+२ र क्याम्पसमा अध्यापन गर्ने भएकाले विद्यालयमा शैक्षिक सामग्री निर्माण गरी शिक्षण गर्ने समयको अभाव भएको पाइयो ।

17. धेरै लामो समयसम्म शिक्षण कार्यमा संलग्न भएका शिक्षकहरु यत्तिका वर्ष त यसरी नै पढाइयो अब आएर किन दुःख गर्ने भन्ने मानसिकताका कारण शैक्षिक सामग्रीको प्रयोगमा कमी आएको पाइयो ।

18. शैक्षिक सामग्रीको महत्वलाई नेपाली भाषा शिक्षकले बुझ्न नसक्दा शिक्षण कार्यकलाप पुरानै पद्धतिबाट अगाडि बढेको पाइयो ।

## ५.२ सुझाव

शैक्षिक सामग्रीको प्रयोगले नेपाली भाषा शिक्षण रोचक, प्रभावकारी मनोरञ्जनपूर्ण र उद्देश्यमूलक बन्दछ तर शैक्षिक सामग्रीको छनौट, निर्माण र प्रयोग आफैमा चुनैतीपूर्ण पनि छ । शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरु निराकरण गर्दै भाषा शिक्षणलाई प्रभावकारी तुल्याउन केही महत्वपूर्ण सुझावहरु प्रस्तुत गरिएको छ ।

1. शिक्षककहरुको कार्यबोझ घटाइ घटाएको बोझ शैक्षिक सामग्री सङ्कलन, निर्माण र प्रयोगमा लगाउन विद्यालयमा शिक्षक दरबन्दी सङ्ख्या वृद्धि गर्नु आवरश्यक छ ।
2. सरकारी निकाय, जि.शि.का. स्रोतकेन्द्रआदिले विद्यालयको निरीक्षण र अनुगमन कार्यलाई प्रभावकारी तुल्याउनुपर्छ । यसको लागि मापदण्डको रुपमा शैक्षिक सामग्रीलाई अघि सार्नुपर्दछ ।
3. शैक्षिक सत्रको प्रारम्भमा नै शिक्षकलाई शिक्षक निर्देशिका उपलब्ध गराएर शिक्षणलाई दिशा निर्देश गर्नुपर्दछ ।
4. कक्षा कोठा तथा भौतिक व्यवस्थापनलाई व्यवस्थित गरी शैक्षिक सामग्री प्रयोगका लागि अनुकूल वातावरण बनाउनु पर्छ ।
5. पाठ्यक्रम र पाठ्यपुस्तकलाई समयानुसार परिवर्तन गरी धेरै भन्दा धेरै शैक्षिक सामग्री प्रयोग गर्न सकिने तुल्याउनुपर्दछ ।
6. शिक्षक/शिक्षिकाले भाषा शिक्षणमा भाषिक सीप विकासलाई ध्यान दिएका छन् वा छैनन्, त्यसको अनुगमन र मूल्याङ्कन हुनु जरुरी छ ।
7. शिक्षण पेशामा प्रवेश गर्न चाहनेहरुलाई अध्यापन अनुमतिपत्र वितरण गर्दा अनिवार्य रुपमा प्रयोगात्मक परीक्षा लिई त्यसको मापदण्ड शैक्षिक सामग्री प्रयोगलाई बनाउने व्यवस्था शिक्षक सेवा आयोगले गर्नुपर्दछ ।
8. विद्यालयमा कार्यरत शिक्षकहरुलाई विषयगत रुपमा शैक्षिक सामग्रीको छनौट, निर्माण र प्रयोग सम्बन्धमा सेवाकालीन तालिमको व्यवस्था सम्बन्धित निकायबाट गरिनुपर्दछ ।
9. नातावाद, कृपावाद, पैसा र धम्कीका आधारमा शिक्षण पेशामा प्रवेश गर्ने प्रवृत्तिको तुरुन्त अन्त्य गरिनुपर्दछ ।
10. उत्प्रेरक, सवलीकरण र पृष्ठपोषणको व्यवस्था शिक्षकहरुमा पनि गरिनु आवश्यक देखिन्छ ।

11. शैक्षिक सामग्रीको निर्माणमा स्थानीय स्रोतलाई उपयोग गरेर सकेसम्म आफै आत्मनिर्भर बनी अरुको आशामा बाँच्नुहुँदैन ।
12. भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोग गर्न शिक्षासँग सम्बन्धित माथिल्ला निकायबाट कडा निर्देशन दिइनुपर्दछ ।
13. भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोग अनिवार्य हुने भएकाले सरकारले शैक्षिक सामग्री निर्माण र खरिद गर्न छुट्टै बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
14. शैक्षिक सामग्री पाठको सुरुमा रुचि जगाउन, मध्यमा छलफल र व्याख्या गर्न र अन्त्यमा पठित कुराको पुनरावृत्ति गराउन प्रयोग गर्नुपर्ने कुरा शिक्षकलाई जानकारी हुनुपर्दछ ।
15. शिक्षणलाई सिलासिलाबद्ध एवम् उद्देश्यमूलक रुपबाट अधि बढाउन अनिवार्य रुपमा पाठयोजना निर्माण गरी शिक्षण गर्नुपर्ने देखिन्छ ।
16. नेपाली विषयलाई हेलाको दृष्टिकोणले हेर्ने र अन्य विषय पढेको शिक्षकले पनि नेपाली त पढाउन सक्छ भन्ने परिपाटिको अन्त्य गर्दै नेपाली विषयमा विशिष्टीकरण प्राप्त गरेको विषय शिक्षकद्वारा पढाउनुपर्ने कार्यलाई कडाइका साथ लागु गरिनु पर्दछ ।
17. विद्यालयहरुले नेपाली विषयलाई अरु विषय जत्तिकै महत्व दिई शैक्षिक सामग्री निर्माण, खरिद र प्रयोगमा ध्यान दिनुपर्ने देखिन्छ ।
18. स्थानीय स्रोत र साधनलाई उपयोग गरी कम मूल्य पर्ने वा बिना मूल्यका सामग्री निर्माण गरेर अनिवार्य शैक्षिक सामग्री प्रयोगको नीति अवलम्बन गर्नु आवश्यक छ ।

## ५.३ उपयोगिता

यो अध्ययन शैक्षिक सामग्री प्रयोगसम्बन्धी गरिएको अध्ययन विश्लेषण हो । शैक्षिक प्रयोजनका देष्टिले हेर्ने हो भने विभिन्न संघ-सस्था, शिक्षासँग सरोकार राख्ने व्यक्तिहरुलाई शैक्षिक सामग्रीसम्बन्धी थप खोज अध्ययन अनुसन्धान गर्न यस शोध कार्यले केही हदसम्म सहयोग पुऱ्याउने देखिन्छ । शिक्षा शिक्षणसम्बन्धी विभिन्न संघ-सस्थाद्वारा विभिन्न समयमा लिइएका तालिम, गोष्ठी, सेमिनारको प्रभावकारिताको मूल्याङ्कन गर्न पनि यस शोध कार्यले सहयोग पुऱ्याउने निश्चित छ । जिल्ला शिक्षा कार्यालयमा कार्यरत विद्यालय निरीक्षक, श्रोतव्यक्ति आदिले समय-समयमा निरीक्षणमा जाने नगरेको र त्यसले गर्दा विद्यालयको

शिक्षण सिकाइ व्याख्यान विधिबाट र सीमित शैक्षिक सामग्रीको प्रयोग भएको वास्तविकता जानकारी गराउन सहयोग पुग्ने अपेक्षा गरिन्छ ।

## ५.३.१ नीतिगत तह

शिक्षणको लागि शैक्षिक सामग्रीको आवश्यकता र यसको प्र्योगको वास्तविक समस्या पहिचान गरी विभिन्न तालिम आवश्यक ज्ञान, सीप, सल्लाह र सुझाव दिन यो शोध कार्यले ठूलो भूमिका खेल्ने देखिन्छ । यसका साथै सम्बन्धित विद्यालयका शिक्षकहरुलाई पनि यसले आफ्नो जिल्लाको शैक्षिक सामग्री प्रयोगको अवस्था कस्तो छ ? सो कुरा पत्ता लगाई स्वयम् शिक्षकहरुको पहलमा स्थानीय स्तरमा विभिन्न शैक्षिक सामग्रीको सङ्कलन, निर्माण र प्रयोग गर्न यस शोध कार्यले हौसला प्रदान गर्दछ । यस जिल्लामा शिक्षाको विकासका लागि चासो राख्ने शिक्षासँग सम्बन्धित निकाय, गैरसरकारी संस्था, बुद्धिजीवी, नागरिक  समाज समान रुपमा जिम्मेवार रहने देखिन्छ ।

त्यसैगरी आजको एकाइसौं शताब्दी र विज्ञानको युगमा अल्प विकसित मुलुकमा विद्यालयको कक्षा शिक्षणको अवस्था के छ ? भन्ने कुरा सामान्य रुपमा भएपनि यसले यथार्थ चित्रण प्रस्तुत गर्दै हाम्रा विद्यालयहरुमा शिक्षणको मुख्य सामग्री पाठ्यपुस्तक, चक र डस्टर भएको तीतो यथार्थ छर्लङ्ग पारेर झल्काउँछ । प्रस्तुत शोधपत्रको शैक्षिक उपयोगिता निम्नबमोजिम उल्लेख गर्न सकिन्छ :

१. नेपाली भाषा शिक्षण मात्र नभएर समग्र भाषा शिक्षण तथा शैक्षिक कार्यकलाप सञ्चालनमा शैक्षिक सामग्रीको प्रभावकारिता, उपादेयता, सीमितताका बारेमा आवश्यक जानकारी हासिल गर्न सहयोग प्राप्त हुनेछ ।

२. शैक्षिक सामग्री सङ्कलन, निर्माण र प्रयोगमा सम्भव भएसम्म स्थानीय स्तरमा प्राप्त हुने स्रोत  र साधनको परिचालन गर्नुपर्छ भन्ने भावनाको विकास गराउन मद्दत मिल्नेछ ।

३. आगामी दिनहरुमा शैक्षिक सामग्रीको अध्ययन, खोज, अनुसन्धान गर्न चाहने शोधार्थीहरुलाई थप अध्ययन अनुसन्धान गर्न यस अध्ययनले सहयोग पुऱ्याउने छ ।

४. भाषा शिक्षक र विद्यालय प्रशासनलाई शैक्षिक सामग्रीको महत्व र यसको संरक्षण एवम् प्रयोग गर्नुपर्छ भन्ने भावनाको विकास हुनेछ ।

५. भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोग बारे शिक्षकलाई विषय विशेषज्ञबाट तालिम एवम् प्रशिक्षण प्रदान गर्न सम्बन्धित निकायलाई समयमै आवश्यक व्यवस्था मिलाउने सुझाव प्राप्त हुनेछ ।

६. प्रस्तुत शोधको अध्ययनबाट नेपाली भाषा शिक्षण गर्ने शिक्षकलाई कथा विधा शिक्षणमा कस्तो शैक्षिक सामग्रीको छनोट, सङ्कलन, निर्माण र प्रयोग गर्ने भन्ने विषयमा जानकारी प्राप्त हुनेछ ।

७. सम्बन्धित क्षेत्रका शिक्षकहरुलाई आफ्नो जिल्लाको शैक्षिक सामग्री प्रयोगको अवस्थाका पत्ता लगाउन सहयोग पुग्नेछ ।

८. प्रस्तुत शोधको अध्ययनबाट तालिम अप्राप्त शिक्षक र शिक्षण अभ्यासमा संलग्न शिक्षकहरुलाई शैक्षिक सामग्री र यसको उपयोगिताको बारेमा आवश्यक ज्ञान, सीप र धारणाको विकास हुनेछ ।

९. सिन्धुली जिल्लाका पहाडी क्षेत्रका विद्यालयहरुमा शैक्षिक सामग्री प्रयोगको स्थितिबारे जानकारी गराउन सहयोग मिल्नेछ ।

१०.शिक्षक सिकाइमा शैक्षिक सामग्रीको महत्व तल्लो निकायदेखि माथिल्लो निकायसम्मलाई वुझ्न सहयोग मिल्नेछ ।

११.सम्बन्धित सरकारी निकायलाई शैक्षिक सामग्री खरिदका लागि आवश्यक बजेटको व्यवस्था गर्न सुझाव प्राप्त हुनेछ ।

### ५.३.२ प्रयोगगत तह

शिक्षणलाई सिलासिलाबद्ध एवम् उद्देश्यमूलक रुपबाट अघि बढाउन अनिवार्य रुपमा पाठयोजना निर्माण गरी शिक्षण गर्नुपर्ने देखिन्छ । नेपाली विषयलाई हेलाको दृष्टिकोणले हेर्ने र अन्य विषय पढेको शिक्षकले पनि नेपाली त पढाउन सक्छ भन्ने परम्पराको अन्त्य गर्दै नेपाली विषयमा विशिष्टीकरण प्राप्त गरेका विषय शिक्षकद्वारा पढाउनुपर्ने कार्यलाई कडाइका साथ लागु गरिनुपर्दछ । विद्यालयहरुले नेपाली विषयलाई अरु विषय जत्तिकै महत्व दिई शैक्षिक सामग्री निर्माण, खरिद र प्रयोगमा ध्यान दिनुपर्ने देखिन्छ । स्थानीय स्रोत र

साधनलाई उपयोग गरी कम मूल्य पर्ने वा बिना मूल्यका सामग्री निर्माण गरेर अनिवार्य शैक्षिक सामग्री प्रयोगको नीति अवलम्बन गर्नु आवश्यक छ ।

## ५.४ भावी अनुसन्धानका लागि सम्भाव्य शोध शीर्षकहरू

(क) माध्यमिक तहमा कविता विद्या शिक्षणमा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन,

(ख) नेपाली व्याकरण शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग,

(ग) कक्षा पाँचको नेपाली भाषा शिक्षणमा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन ,

(घ) कक्षा आठको नेपाली भाषा शिक्षणमा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन ,